## विशेष इजलास

१

**स.प्र.न्या.श्री खिलराज रेग्मी, मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री रामकुमार प्रसाद शाह,** रिट नं. ०६८-WS-००४४, उत्प्रेषणयुक्त परमादेश, *अधिवक्ता अच्यूतप्रसाद खरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

फौजदारी कानून उल्लङ्घनको मात्रा र परिमाणअनुसार दण्ड सजाय निर्धारणमा भिन्नता रहने कुरा अस्वाभाविक हुँदैन । दण्डनीति कसूरको मात्राअनुसार सजायमा भिन्नता हुने सिद्धान्तकै जगमा खडा भएको हुन्छ । कसूरमा रहेको संलग्नता वा भूमिका विचार नगरी आरोप लगाएकै भरमा सबैलाई समान प्रकृतिको सजाय हुनुपर्छ भन्ने मान्यता न्यायिक विवेकमा आधारित नभई यान्त्रिक हुन पुग्दछ । तर, एकै प्रकृतिको कसूरमा कुनै हैसियतका आधारमा सजायमा विभेद गरिन्छ भने त्यस्तो दण्डनीति विभेदकारी हुन पुग्दछ । दृष्टान्तका लागि उही प्रकृतिको उत्ति नै परिणामको वन पैदावार लादी ल्याउने एउटा किसानको गोरुगाडा जफत गर्ने र अर्कोको नगर्ने व्यवस्था गरिन्छ भने त्यस्तो कानून समानताको सिद्धान्तविपरीत हुन सक्दछ । तर गोरु गडा र स्वचालित सवारी साधन जफत गर्ने नगर्ने भन्ने सम्बन्धमा एउटै मापदण्ड कायम नभएको कुरालाई असमान भएको मान्न नमिल्ने ।

वर्गीकरण (Classification) गरिएकै कारणले मात्र कुनै पनि कानून भेदभावयुक्त भन्न मिल्दैन । तर, त्यसरी वर्गीकरण गर्ने आधार र कारण वस्तुनिष्ठ, बोधगम्य, तर्कसम्मत् र न्यायोचित् भने हुनै पर्दछ । विवादित प्रतिवन्धात्मक वाक्यांशले बोझबाहक साधनको प्रकृतिको आधारमा जफत गर्ने र नगर्ने सम्बन्धमा केही विभेद खडा गरेको देखिन्छ । तर सो विभेदमा त्यसरी विभेद गर्नुपर्ने विवेकसम्मत् भिन्नता (Intelligible diferentia), तर्कसम्मतता (Rationality) र कानूनसम्मत् उद्देश्य (Lawful Objective) राखेको छ छैन भन्ने कुरा हेरिनुपर्ने ।

बोझवाहक साधन जफत हुने र नहुने फरक व्यवहार गर्नको लागि कसूरको बिगो र सवारीको प्रकारलाई आधार बनाएको देखिन्छ । दशहजार रूपैयाँभन्दा बढी मोल बिगो कायम भएको वारदातमा उपरोक्त प्रतिवन्धात्मक वाक्यांशको व्यवस्था आकर्षित हुने स्थिति नै देखिँदैन । किनकी बिगोको मात्रा दशहजार नाघ्दछ भने बोझवाहक जुनसुकै प्रकारको सवारी साधन जफत गर्ने वा नगर्ने भन्ने विषयमा समान मापदण्ड अवलम्बन हुने देखिन्छ । तर, बिगो दश हजार रूपैयाँभन्दा कम भएको अवस्थामा भने बोझवाहक साधनको प्रकृतिका आधारमा त्यस्तो साधन जफत हुने वा नहुने भन्ने पृथकपृथक मापदण्ड अख्तियार गरेको पाइन्छ । सो प्रयोजनको लागि ट्रेक्टर, ट्रक, लहरी मोटरलगायतका इञ्जीनबाट चल्ने स्वचालित सवारी साधनलाई एक वर्गमा वर्गीकरण गरी स्थानीय र घरेलु प्रकृतिका बोझबाहक साधनलाई फरक वर्गीकरणमा राख्न खोजेको देखिन्छ । त्यस्ता घरेलु प्रकृतिका साधनहरूमा निवेदकले उल्लेख गरे जस्तै डोको, नाम्लो, गाडा, चौपाया आदि पर्न सक्दछन् । प्रकृति र मूल्य समेतको आधारमा ती सवारी साधनलाई वर्गीकरण गर्न मिल्ने नै देखिएको र त्यस्तो वर्गीकरणमा बोधगम्यता समेत हुँदा अन्यथा भन्न नमिल्ने ।

वन ऐनको दफा ६६ को मुख्य उद्देश्य वनसम्बन्धी कसूरमा प्रयोग भएको बोझवाहक र औजारहरू जफत गर्ने हो । परन्तु दश हजारभन्दा कम्ती मोल पर्ने वन पैदावार ओसार पसार गर्न प्रयोग भएको बोझबाहका हकमा त्यस्तो बोझबाहकको प्रकृति र मूल्याङ्कनको आधारमा जफत नगर्ने अपवादात्मक व्यवस्था प्रतिवन्धात्मक बाक्यांशमा समावेश गरिएको देखिन्छ । कसूरको बिगो दशहजारभन्दा कम छ तर सो कसूरमा प्रयोग भएको सवारी साधन लाखौं मूल्यको छ भने थोरै बिगोको धेरै मूल्यको सवारी साधन जफत गर्नु न्यायोचित् नहुन सक्ने विधायिकी आशय हुन सक्तछ । त्यसैले घरेलु प्रकृतिका बोझबाहकहरूको मूल्य र इञ्जिनबाट चल्ने स्वचालित बोझबाहकको मूल्य समेतलाई विचार गरी जफत हुने र नहुने कानूनी

मापदण्ड तय गरिएको बोधगम्य नै देखिन्छ । जफत नगरिने त्यस्ता सवारी साधनका हकमा अन्य दफाले हुने सजायमा दशहजार रूपैयाँसम्म थप सजाय हुने सोही प्रतिवन्धात्मक वाक्यांशको व्यवस्था देखिन्छ । यसबाट त्यस्ता सवारी साधन जफत नभए पनि बिगोको सापेक्षतामा थप सजाय हुने व्यवस्था गरी समानता कायम गर्न खोजिएको प्रष्ट देखिएको छ । जफत हुने भनी कानूनले परिकल्पना गरेका बोझवाहक सम्भावित मूल्याङ्कन बराबर नै जफत नहुने साधनका हकमा थप सजाय हुने व्यवस्था भएकै देखिँदा विवादित कानून समानताको विपरीत तथा संविधानसँग बाझिएको नदेखिने ।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०६९ साल फागुन २४ गते रोज ५ शुभम् ।

२

**स.प्र.न्या.श्री खिलराज रेग्मी, मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री रामकुमार प्रसाद शाह,** रिट नं. ०६८-WS-००४५, उत्प्रेषणसमेत, *अधिवक्ता अच्यूतप्रसाद खरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

सडी गली गएको लास घटनास्थलबाट उठाउन नै असम्भव हुन सक्तछ । त्यस्तै नेपालको भौगोलिक अवस्थिति र स्वास्थ्य संस्था वा चिकित्सकको उपलब्धताको अवस्थालाई पनि विचार गरिएको हुन सक्तछ । अर्कोतर्फ व्यक्तिको मृत्यु कर्तव्यबाट मात्र हुने नभई दुर्घटना वा दैवी कारणबाट पनि हुने गर्दछ । दुर्घटनावश आफन्त गुमाउनु परेको परिवारलाई मृत्युको पीडा त छँदैछ त्यसमाथि शव परीक्षणको जटिल कानूनी प्रक्रियामा सरिक गराउँदा थप पीडा हुन सक्तछ । त्यसैले यस्तो अवस्थामा आफ्नो कुल परम्पराबमोजिम लासको सद्गत गराउने कार्य महत्त्वपूर्ण हुन सक्तछ । यस्ता कतिपय अवस्थामा शव परीक्षण गराउने विषय धार्मिक, सामाजिक दृष्टिकोणबाट समेत अनुपयुक्त र अव्यवहारिक बन्न पुग्दछ । त्यसैले कर्तव्यबाट मृत्यु भएको भन्ने आशङ्का नभएको तथा सडे गलेको अवस्थामा रहेको लास परीक्षण नै गराउनु पर्दछ, अनुसन्धानकर्ता प्रहरीलाई यस्तो अवस्थामा पनि तजविजी अधिकार दिन हुँदैन भन्ने जिकीर कुनै पनि विवेक र तर्कमा आधारित देखिँदैन ।

अर्कोतर्फ प्रहरीबाट उक्त कानूनले प्रदान गरेको तजविजी अधिकारको व्यापक दुरूपयोग भएको कारणले समाजमा दण्डहीनताको अवस्था आएको भनी आधिकारिक अध्ययन अनुसन्धानसहितको तथ्य तथ्याङ्क वा दृष्टान्तसहित निवेदन दावी गर्न सकेको अवस्था पनि छैन । सचेत नागरिकको रूपमा सार्वजनिक हकहितको प्रतिनिधित्व गरेको ठान्ने जो कोहीले पनि आफूलाई जिम्मेवार ढङ्गबाट प्रस्तुत गर्न सक्नुपर्दछ । केवल सस्तो लोकप्रियता, लहड, वा चर्चामा आउने हिसाबले मात्र जस्तोसुकै विषयवस्तुलाई विवादका रूपमा अदालतसमक्ष लिएर आउने प्रवृत्तिले न्याय प्रणालीलाई नै अप्ठेरोमा धकेल्दछ । यसतर्फ निवेदकलगायत सम्बन्धित सबैको ध्यानाकर्षण हुन आवश्यक हुनाले सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ११ को उपदफा (४) र सरकारी मुद्दासम्बन्धी नियमावली, २०५५ को उपनियम (२) को व्यवस्था संविधानको धारा १२ सँग बाझिएको अवस्था नदेखिएकोले निवेदन मागबमोजिमको आदेश जारी गरिरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०६९ साल फागुन २४ गते रोज ५ शुभम् ।

३

**स.प्र.न्या.श्री खिलराज रेग्मी, मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री रामकुमार प्रसाद शाह,** रिट नं. ०६८-WS-००४८, उत्प्रेषणसमेत, *अधिवक्ता अच्यूतप्रसाद खरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

संविधानको धारा १३५ मा महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकारका सम्बन्धमा गरिएको संवैधानिक व्यवस्थाले अपराध अनुसन्धानको क्रममा पक्राउ परी प्रहरीको हिरासतमा रहेका व्यक्तिलाई सरकारी वकीलको सहमतिबाट मात्र हाजीर जमानीमा छाड्नु पर्ने जस्तो कुनै अधिकार, कर्तव्य

वा जिम्मेवारी तोकेको पाइँदैन । त्यसैले प्रहरीले अवस्थाअनुसार सरकारी वकीलको सहमति नलिई हाजीर जमानीमा छाड्न सक्ने सरकारी मुद्दासम्बन्धी ऐन, २०४९को दफा २१ र सरकारी मुद्दासम्बन्धी नियमावली, २०५५ को नियम ११ को उपनियम (३) को व्यवस्था संविधानको धारा १३५ सँग बाझिएको भन्न नमिल्ने ।

वैयक्तिक स्वतन्त्रता मानिसको लागि जीवनपछिको सबैभन्दा प्रिय वस्तु हो । त्यसैले नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४ को उपधारा (५) मा कुनै अभियोग लगाइएको व्यक्तिलाई निजले गरेको कसूर प्रमाणित नभएसम्म कसूरदार मानिने छैन भन्ने संवैधानिक व्यवस्था गरिएको छ । निर्दोषिताको अनुमान पाउने फौजदारी न्यायको मान्य सिद्धान्तमा आधारित उक्त प्रावधानलाई संविधानले मौलिक हकको रूपमा राखेको हुँदा नागरिक अधिकारको पक्षमा भएको देखाउँदै सार्वजनिक सरोकारको विषय उठाउने निवेदकहरूले त्यसतर्फ ध्यान पुऱ्याउन बाञ्छनीय हुने ।

पुर्पक्षपूर्वको थुनाले अभियुक्तको निर्दोषिताको अनुमानमा व्यवहार गरिनुपर्ने अधिकारमा असर पार्न सक्ने र अभियुक्तको वैयक्तिक स्वतन्त्रता कुण्ठित हुने भएकोले गैर हिरासतीय (Non-Custodial) उपायहरू अवलम्बन गरिनुपर्ने सम्बन्धमा विभिन्न अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी सन्धि सम्झौताहरूले जोड दिएको पाइन्छ । नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रज्ञापनपत्र, १९६६ को दफा १४(२) ले निर्दोषिताको अनुमानसम्बन्धी फौजदारी न्यायको सिद्धान्तलाई अंङ्गीकार गरेको छ । त्यसै गरी यसैको दफा ९(३) मा सुनुवाइको अवसर पर्खिरहेका व्यक्तिहरूलाई थुन्नु सामान्य विषय नहुने भन्दै न्यायिक कारवाहीमा उपस्थित हुने तथा फैसला कार्यान्वयनको सुनिश्चितता विचार गरी धरौट लिने अभ्यास गर्नुपर्ने कुरा औंल्याइएको छ । United Nations Standard Minimum Rules for Noncustodial Measures को दफा ६(१) मा सुनुवाइ पूर्व थुनामा राखिने कारवाहीलाई अन्तिम उपायका रूपमा मात्र लिइनुपर्ने ।

नेपालको फौजदारी न्याय प्रशासनसँग सम्बन्धित अधिकांश कानूनहरू परम्परागत मान्यतामा आधारित देखिन्छन् । सामाजिक चेतनाको स्तर अभियुक्तलाई थुनामै राख्नुपर्छ– भन्ने रहेको छ भन्ने कुरा आफूलाई नागरिकको वैयक्तिक स्वतन्त्रताको पक्षमा उभ्याउनु पर्ने कानून व्यवसायी जस्तो व्यक्ति निवेदकले उठाएको प्रस्तुत निवेदनको विषयवस्तुबाट समेत छर्लङ्ग हुन्छ । निवेदकको चिन्ता उल्टो र मनोगत देखिएकोले त्यस्तो विषयमा थप व्याख्या विश्लेषण गरिरहन आवश्यक नहुने हुँदा गैरहिरासतीय विकल्पको रूपमा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ र सरकारी मुद्दासम्बन्धी नियमावली, २०५५ मा रहेको हाजीर जमानीमा छाड्न सक्ने व्यवस्था संविधान, फौजदारी न्यायको मान्य सिद्धान्त र अन्तर्राष्ट्रिय मापदण्ड तथा व्यवहारसमेतको अनुकूल रहेको देखिँदा निवेदन मागबमोजिम अमान्य र बदर घोषित गर्नुपर्ने नदेखिने ।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६९ साल फागुन २४ गते रोज ५ शुभम् ।

## पूर्ण इजलास

१

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा, मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** पु.नि.नं. ०६७-NF-०००९, उत्प्रेषणसमेत, *कृष्णमान बासुकला वि. रामकुमार वनमाला*

मोहीको हक प्राप्ति र समाप्तिसँग जोडिएका प्रमाणहरूको विश्लेषण गरी मोहीको विवादमा निर्णय गर्ने अधिकार गुठी संस्थानलाई नभएकोले सम्बन्धित भूमिसुधार कार्यालयबाटै निरूपण हुनुपर्ने देखिन्छ । गुठी जग्गामा मोहियानी हकको तेरो मेरोको प्रश्न निहीत रहेको यस्तै प्रकृतिको महेन्द्रनाथ उपाध्यायसमेत वि. गुठी संस्थान केन्द्रीय कार्यालयसमेत भएको मुद्दामा यस अदालत पूर्ण इजलासबाट गुठी जग्गाको मोहियानी हकको तेरो मेरोसम्बन्धी प्रश्नमा निर्णय गर्ने अधिकार भूमिसुधार

अधिकारीलाई भएको भनी *नेकाप* २०५३, नि.नं. ६१७१, पृ. २८७ मा सिद्धान्तसमेत प्रतिपादन भएको देखिँदा प्रस्तुत मोही तेरोमेरोको विवाद पनि सम्बन्धित भूमिसुधार कार्यालयबाटै टुङ्गो लाग्नुपर्ने देखिँदा उल्लिखित प्रतिपादित सिद्धान्तसमेतको आधार कारणबाट विकुमायाको मोही हक रिट निवेदक रामकुमार बनमालाको नाममा नामसारी गर्न सम्बन्धित कार्यालयमा लेखी पठाउनु भनी गुठी संस्थान केन्द्रीय कार्यालयसमेतका नाउँमा परमादेश जारी गरेको हदसम्म यस अदालत संयुक्त इजलासको मिति २०६४।९।२५ को आदेश त्रुटिपूर्ण देखिएकोले सो हदसम्म पुनरालोकन भई मोही तेरोमेरोको विषयमा निर्णय गर्न दुबै पक्षलाई सम्बन्धित भूमिसुधार कार्यालयमा पठाई दिनु भनी विपक्षी गुठी संस्थान, शाखा कार्यालय भक्तपुरका नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः नारायण सुवेदी

इति संवत् २०७० साल बैशाख ५ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह, मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या. श्री कमलनारायण दास,** मुद्दा नं. ०६७-CF-००२१, ००२०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. उपेन्द्र शाक्य, उपेन्द्र शाक्य वि. नेपाल सरकार*

पीडित तथा मृतक सृजनवीर उपचारपश्चात् वीर अस्पतालबाट डिस्चार्ज हुनु र निज सृजनवीरको सर्वाङ्ग स्वास्थ्य सदनमा अपरेशन हुनुबीच कुनै अन्तर्सम्बन्ध रहेको देखिँदैन । वीर अस्पतालमा उपचार गराई बिरामीको हालतमा सुधार भई निको भएपछि डिस्चार्ज गरिएको देखिन्छ । सर्वाङ्ग स्वास्थ्य सदन कुरूप अनुहारको छाला मिलाउनको लागि गरिएको अपरेशनसित सम्बन्धित एनेस्थेसिया समेतका औषधिहरूका कारण मृतकको मृत्यु भएको भन्ने देखिएको अवस्थामा त्यसलाई एक महिना अगाडि एसीड फालेको वारदातसँग जोडी सोही जरीयाबाट सृजनवीरको मृत्यु भएको भन्ने निष्कर्षमा पुग्न सकिने कुनै चिकित्सकीय र कानूनी आधार देखिन नआउने ।

प्रतिवादीले मृतकलाई कुनै अङ्ग भाँच्ने छिन्ने गरी हानेको कुटेको नभई सोबाहेक तेजाब फाली घाइते बनाएको देखिए पनि निज प्रतिवादीले हालेको तेजाबको चोट पीरले उठ्न नसकी थला परी मृतकको मृत्यु भएको अवस्था देखिँदैन । निज वीर अस्पतालमा उपचार गराई निको भई डिस्चार्ज भई घर गएको देखिएकोले निज थला परेको देखिँदैन । त्यस्तै कानूनमा उल्लेख भएबमोजिम वारदात भएको एक्काइस दिनभित्र मृतकको मृत्यु भएको पनि नदेखिएको, प्रतिवादीले हालेको तेजाबको कारण मृतक थला परी निको नभएर मृत्यु भएको भन्ने पनि नदेखिएको र निज उपचार गराएर अस्पतालबाट डिस्चार्ज भएको समेत अवस्थाको विश्लेषण गर्दा प्रतिवादीले हालेको तेजाबको जरीयाबाटै मृतकको मृत्यु भएको अवस्था पनि देखिन नआउने ।

तेजाबको प्रभावबाट निजको अनुहारमा विभिन्न दाग भई कुरूपसम्म भएको देखिएको र सर्वाङ्ग स्वास्थ्य सदनमा सृजनवीरको सोही कुरूपतालाई ठीक पार्ने उद्देश्यले अपरेशन गरे गराएको देखिन्छ । सोही अपरेशनको क्रममा भएको मृत्युको सम्बन्ध मृत्यु हुनुभन्दा एक महिना अगावै एसीड फालिएको घटनासँग जासेडेर प्रतिवादीलाई दोषी र मृत्युको कारक बनाउनु औचित्यपूर्ण, तर्कसंगत्, कानूनसम्मत र न्यायपूर्ण नहुने ।

अस्पतालमा उपचार गरी निको भई डिस्चार्ज भैसकेकोमा पछि अनुहारको जलेको भाग पूर्व रूपमा ल्याउने प्रयासस्वरूप अपरेशन गर्दा मृतकको ऐनले तोकेको समयावधि २१ दिनपछि मृत्यु भएको देखिन्छ । ज्यानसम्बन्धीको १४ नं. अनुहारमा एसीड फालेको र सोको उपचार गराई निको भई अस्पतालबाट डिस्चार्ज भैसकेको अवस्थामा अन्य उपचार गराउन अपरेशन गर्दा मरेमा लाग्ने कानूनी व्यवस्था होइन । ज्यानसम्बन्धीको ९, १०, ११ र १२ नं. समेतको कानूनी व्यवस्था हेर्दा कुनै प्रकारबाट कुटपीट गरेकोमा २१ दिनभित्र सोही चोटको कारण थला परी मरेमा मात्र ज्यानमाराको बात लाग्ने हुन्छ । उक्त कानूनी व्यवस्थाअनुसार कुटपीटको घटनाबाट थला परेको नभएमा वा ऐनले

तोकेको २१ दिनपछि मरेको अवस्थामा ज्यानसम्बन्धी महलअन्तर्गत ज्यान मारेको भनी सजाय गर्न कानूनअनुकूल नहुने ।

इजलास अधिकृतः कृष्णमुरारी शिवाकोटी

इति संवत् २०६९ साल भदौ २१ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री सुशीला कार्की र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** रि.पू.इ.नं. ०६७-WF-००२५, उत्प्रेषणसमेत, *टोपबहादुर भुसाल वि. शिक्षा तथा खेलकुद मन्त्रालयसमेत*

न्यूनतम् शैक्षिक योग्यता कुनै पनि सार्वजनिक सेवा प्रवेशको लागि अनिवार्य पूर्वशर्त हो । सामान्यतः शैक्षिक योग्यताले सम्बन्धित विषयवस्तुको सैद्धान्तिक अवधारणा वा ज्ञानमा प्रष्टता ल्याउँदछ । अर्कोतर्फ तालीम सैद्धान्तिक भन्दा पनि व्यावहारिक कामसँग सम्बन्धित हुन्छ । शैक्षिक योग्यता मात्र पर्याप्त हुने पेशामा सोही आधारमा कर्मचारी भर्ना गरिन्छ भने कुनै अमुक कार्यसम्पादन गर्नको लागि खास प्रकारको तालीमसमेत आवश्यक पर्ने अवस्थामा तालीमलाई वाञ्छनीय योग्यताको रूपमा राखिएको हुन्छ । तर एक पटक हासिल गरेको शैक्षिक योग्यता वा तालीमको आधारमा सेवा प्रवेश गरेको कर्मचारीले त्यस्तो ज्ञान र अनुभवका आधारमा मात्र सँधैका लागि कार्यसम्पादन गरिरहन सम्भव नहुने हुँदा संगठनको कार्यप्रकृतिअनुरूप समसामयिक रूपमा व्यावहारिक तालीमबाट कर्मचारीलाई पुनर्ताजगी गराइने ।

शिक्षक पदमा रही सम्पादन गर्नुपर्ने कार्य प्रकृतिबाटै सम्बन्धित विषयको न्यूनतम् शैक्षिक योग्यता आवश्यक पर्ने कुरामा विवाद हुन सक्दैन । शिक्षण पेशाले निश्चित् प्रकारको तालीमको समेत माग गर्दछ । त्यसैले सेवा प्रवेश गरेको शिक्षकको शिक्षण सिकाई सीपको विकास गरी क्षमता अभिवृद्धि गर्नको लागि तालीम पनि उत्तिकै अपरिहार्य हुन जान्छ । यसबाट न्यूनतम् शैक्षिक योग्यता हासिल गरी सेवा प्रवेश गरेको शिक्षकले लिएको तालीमबापतका अङ्क प्रदान गर्ने गरी उक्त नियमावलीमा भएको व्यवस्था औचित्यका दृष्टिबाटसमेत अन्यथा देखिन नआउने ।

कार्यरत् शिक्षकहरूको शैक्षिक योग्यता र तालीमको अवस्था के कस्तो रहेको छ, के कुन आधारमा उनीहरूको बढुवा गर्दा शैक्षिक गुणस्तर वृद्धि गर्न सकिन्छ र वृत्ति विकासमा समेत सहयोग पुग्दछ, शैक्षिक योग्यता हासिल गरेपछिको तालीमको मात्र किन गणना गर्नुपर्ने हो आदि विषयहरू न्यायिक तवरबाट निरूपण गर्न मिल्ने विषयहरू नभई मुलुकको शैक्षिक नीतिसँग जोडिएका नीतिगत विषयहरू हुन् । यसको औचित्य वा जवाफ न्यायिक तवरबाट भन्दा पनि नीति र कार्यक्रमिक ढङ्गबाट खोजिनु उचित हुन्छ । विगतमा जनशक्तिको अभाव हुन गई न्यूनतम् शैक्षिक योग्यता नभएका र कुनै खास प्रकारको तालीम लिएका व्यक्तिहरूलाई शिक्षक पदमा नियुक्ति गरिएको हो भने त्यस्ता शिक्षकहरू वृत्ति विकासमा मर्का पर्ने गरी कानून निर्माण हुनु न्यायोचित् हुन सक्दैन । तर, न्यायिक व्याख्याबाट नीति परिमार्जन गर्न नमिल्ने हुँदा त्यस्तो स्थितिको महसूस हुन गएमा सम्बन्धित निकायहरूले आफ्नो नीतिमा परिवर्तन गरी अव्यावहारिक कानूनहरूमा सुधार गर्दै जानु श्रेयष्कर हुने ।

यस अदालतबाट शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ३१(१)(क) को एकै कानूनी व्यवस्थालाई लिएर फरकफरक व्याख्या भएको प्रष्ट देखियो । माथि गरिएको विश्लेषणबाट न्यूनतम् शैक्षिक योग्यता नभई लिएको तालीमबापतको अङ्क बढुवा प्रयोजनको लागि गणना गर्न नमिल्ने निष्कर्षमा पुगिएको हुँदा निवेदक रामकृष्ण प्याकुरेलसमेत विरूद्ध शिक्षक सेवा आयोगसमेत भएको संवत् २०६२ सालको रिट नं. २७७४, निवेदक नारायणप्रसाद भण्डारीसमेत विरूद्ध शिक्षक सेवा आयोगसमेत भएको २०६३ सालको रिट नं. ०२०७ र निवेदक हरिबहादुर पाण्डे विरूद्ध शिक्षक सेवा आयोग भएको २०६३ सालको रिट नं. ३३४० को निवेदनमा गरिएको व्याख्या कायम रहन सक्दैन । अतः न्यूनतम् शैक्षिक योग्यता हासिल गर्नुपूर्व लिएको तालीमबापतको अङ्क प्रयोजनको निमित्त गणना गर्न नमिल्ने भनी निवेदक गुणकेशरी उदाससमेत विरूद्ध शिक्षक सेवा आयोगसमेत भएको संवत् २०६३

सालको रिट नं. ३४१९ को उत्प्रेषणको निवेदन र निवेदक जगतबहादुर खत्रीसमेत विरूद्ध शिक्षक सेवा आयोगसमेत भएको संवत् २०६२ सालको रिट नं. ३०७९ को उत्प्रेषणको निवेदनमा यस अदालतको संयुक्त इजलासबाट गरिएको व्याख्या मनासिब देखिएकोले सोही व्याख्या कायम हुने ।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी

इति संवत् २०६९ साल कात्तिक २३ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**स. प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री दामोदरप्रसाद शर्मा, ०६५**-CI-०५३४, हकसफी, *रानीकुमारी कानूसमेत वि. राजकुमार खड्गे*

पारित लिखतमा नै थैली रकम र रजिष्ट्रेशन दस्तूर उल्लेख भएको र सोको प्रतिलिपि लिई बिक्री भएको घर जग्गा निखनाई पाऊँ भनी वादीले दावी गरेको देखिँदा सो थैली र रजिष्ट्रेशन रकमबारे वादीलाई त्यतिबेला नै थाहा भएको भनी मान्नुपर्ने ।

प्रतिवादीहरू बीच लिनुदिनु गरी पारित गरेको लिखतको नक्कल लिई शुरूमा मालपोत कार्यालय चितवनमा निखनाई पाऊँ भनी दावी गर्दा नै वादीलाई प्रतिवादीले तिरेको थैली र रजिष्ट्रेशन दस्तूर थाहा भएको, लिखतमा उल्लिखित घर जग्गाको मोल लिखत रजिष्ट्रेशन पारित गर्ने कानूनबमोजिम अख्तियारप्राप्त मालपोत कार्यालयमा दुवै पक्षले लिनुदिनु गर्दा उल्लेख गरी मालपोत कार्यालयमा उपस्थित भई सनाखतसमेत गरेको अवस्थामा उक्त थैली रकम धरौट नराखी आफूखुशी कम थैली धरौट राखेको र सम्पूर्ण थैली धरौट राख्न नसकेको सम्बन्धमा वादीले कुनै युक्तिसंगत् आधार र कारणसमेत उल्लेख गर्न नसकेकोले लिखत अन्यथा प्रमाणित भएको अवस्थामा बाहेक पारित लिखतमा उल्लिखित मोललाई नै थैली मान्नुपर्ने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६९ साल फागुन १३ गते रोज १ शुभम् ।

२

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री दामोदरप्रसाद शर्मा,** पुनरावेदन नं. ०६७-CI-१४६५, करारबमोजिमको नगद रकम, हानि नोक्सानी तथा क्षतिपूर्ति भराईपाऊँ, *बि.एण्ड एच, टि. फर्निचर ए. फेब्रिकेटिङको तर्फबाट र आफ्नो हकमासमेत विष्णुप्रसाद तिमिल्सिनासमेत वि. युनिक शु म्यानुफ्याक्चरिङ्ग प्रा.लि.का सञ्चालक निर्देशक नित्यानन्द भुर्तेलसमेत*

करारमा नै रू. ९,५०,०००।- रकम प्रतिवादीले बुझेको भन्ने उल्लेख भएको र पोखरा औद्योगिक क्षेत्रलाई दिनुपर्ने रकम बुझाइएको प्रमाण कागज संलग्न भए पनि उक्त रकम नै लिन बाँकी रहेको भन्ने जस्ता कुराहरू उठाई करारको दायित्व पूरा गराउनमा प्रतिवादीहरूले अवरोध गरेको भन्ने कुरा मिसिल संलग्न प्रमाणबाट देखिन आएको छ । प्रतिवादीहरूको त्यस किसिमको आचरण र व्यवहारको उल्लङ्घन हुन पुगेको अवस्थामा यी वादीहरूले तिरे बुझाएको जग्गा र भवनबापतको रकम रू. ९,५०,०००।- तथा पोखरा औद्योगिकक्षेत्रलाई बुझाएको रू. १,९३,४५२।- समेत जम्मा रू. ११,४३,४५२।- रकम प्रतिवादीहरूबाट दिलाई भराई पाउने ।

करार हुँदाकै समयमा रू. ९,५०,०००।- र त्यसपछि रू. १,९३,४५२।- रकम बुझाएका, त्यसपछि आफ्नो नामबाट उद्योग सञ्चालनमा ल्याउनको लागि भौतिक पूर्वाधारलगायतका कुराहरू तयारी गर्न पनि अतिरिक्त पूँजी लगाउनु पर्ने अवस्था देखिई रकम लगानी गरिएको संलग्न कागज प्रमाणबाट देखिन आएको छ । ती सबै कामहरू गर्दा पनि करार उल्लङ्घन भएको कारणबाट वादीले करारअनुसार आफ्नो नाममा उद्योग सञ्चालन गर्न नसकेको अवस्था आएको देखिन्छ । यस्तो स्थितिमा वादी प्रतिवादीबीच भएको करारमा करार उल्लङ्घन भएमा क्षतिपूर्ति पाउने कुरा उल्लेख नभए तापनि करार ऐन, २०५६ को दफा ८३(३) ले करारको उल्लङ्घनबाट प्रत्यक्ष र वास्तविक रूपमा भएको हानि नोक्सानीबापत मनासिब माफिकको क्षतिपूर्ति

भराई पाउने व्यवस्था गरेको पाइन्छ । उक्त व्यवस्थाअनुसार क्षतिपूर्तितर्फ रू. २,७४,४२८।- रकम प्रतिवादीबाट वादीले भराई पाउने ।

इजलास अधिकृतः टीकाराम आचार्य

इति संवत् २०६९ साल फागुन ३० गते रोज ४ शुभम् ।

३

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री दामोदरप्रसाद शर्मा,** ०६७-CR-०९८६, १३७०, मानव बेचबिखन तथा ओसारपसार, *नेपाल सरकार वि. सीता ढकाल, सीता ढकाल वि. नेपाल सरकार*

पीडित बालाजु ख ले प्रतिवादी सीता ढकालसमेत भई घुम्न जाने भन्दै फकाई काठमाडौंबाट कोलकत्ता पुऱ्याई बेश्यालयमा बेच्न लागेको शङ्का लागी उनीहरूले सँगसाथमा पठाउन लागेका रेखा तामाङसँग जान्न भनी झगडा गर्दा घाइते बनाई अस्पताल भर्ना गरिदिएर निज प्रतिवादीहरू भागी आएका भनी किटानी जाहेरी दर्ता गरेको अवस्था छ । यी प्रतिवादी सीता ढकालसमेतले पीडित बालाजु ख लाई त्यसरी बेश्यावृत्तिमा लगाउन भारतमा लगी बेचेको भनी पीडितले किटानी बयान गरी दिएकी र सो बयान प्रमाणितसमेत भएको छ । प्रतिवादी सीता ढकालले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा पीडितलाई २०६३ सालदेखि आफ्नो साथमा राखेको, पछि अन्य सहअभियुक्तहरूसँग समेत चिनजान गराएको, गेम खेल्ने भनी दीपक आलेमगर समेतसँग सल्लाह गरी पीडित दीपक आलेमगर, ज्ञानु लामासमेत भई काठमाडौंबाट भैरहवा, गोरखपुर हुँदै कोलकत्ता पुगी घरवाली रेखा तामाङसँग पैसा लिएर पीडितलाई पठाउन खोजेको कुरामा सावित भएको देखिन्छ । निजले अदालतमा बयान गर्दा पीडितलाई घुम्न जाने भनी आफूसमेत भई भैरहवा हुँदै गोरखपुर र त्यसपछि कोलकत्ता पुगेको, अन्य सहअभियुक्त सँगसाथमा बसेको, सहअभियुक्त दीपक आलेसमेतले रेखा तामाङसँग रू. ४५,०००।- लिएको कुरासमेत स्वीकार गरी पीडितलाई भारत लिएर गएको कुरामा सावित भएको देखिँदा प्रतिवादी सीता ढकाललाई मानव बेचबिखन र ओसारपसार गरेको कसूरमा कसूरदार ठहऱ्याई ऐनको. दफा १५(१)(ङ)(१) बमोजिम १२ वर्ष कैद र रू. ५०,०००।- जरीवाना हुने र पीडितलाई रू. २५,०००।- क्षतिपूर्तिसमेत भराई दिनु पर्ने ।

इजलास अधिकृतः टीकाराम आचार्य

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०६९ साल फागुन २ गते रोज ४ शुभम् ।

४

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री दामोदरप्रसाद शर्मा,** ०६७-CR-१३१६, नकबजनी चोरी, *नेपाल सरकार वि. राजु धनुकेसमेत*

प्रतिवादी सत्यजीत मण्डलले अभियोगअनुसार चोरीको सुन हो भन्ने जानीजानी खरीद गरेको कुरामा इन्कार रही बयान गरेको पाइन्छ । निजले खरीद गरेको भनिएको प्रति तोला सुनको मोल रू. १६,०००।- र जाहेरीमा उल्लिखित मोल रू. १७,४००।- को बीचमा सारभूत रूपमा फरक देखिन नआएको अवस्था तथा जानीजानी चोरीको सुन खरीद गरेको भन्ने तथ्य स्थापित गर्ने अन्य प्रमाण पेश हुन नसकेको स्थिति रहेको हुँदा निज प्रतिवादीलाई सफाइ दिने गरी भएको फैसलालाई अन्यथा भन्न सकिएन । जहाँसम्म प्रतिवादी राजु धनुके समेतलाई चोरीको ११ नं. अनुसार पटक कायम गरी सजाय गर्नुपर्ने भन्ने पुनरावेदन जिकीर छ सो सम्बन्धमा विचार गर्दा, यी प्रतिवादीहरूउपर अदालतबाट अन्य मुद्दामा कसूरदार कायम भै सजाय भएको भन्ने तथ्य वादी पक्षबाट देखाउन सकेको पाईंदैन । केवल अन्य मुद्दाहरूमा अभियोग दावी लगाइएको आधारमा मात्र पटक खापी सजाय हुनुपर्ने भन्ने वादी पक्षको जिकीर रहेको अवस्था छ । मुलुकी ऐन, चोरीको ११ नं. ले चोरी गरेमा कसूरदार ठहर भएको आधारमा पटक कायम हुने व्यवस्था गरेको पाईंदा यस सम्बन्धमा लिइएको पुनरावेदन जिकीरसँग समेत सहमत हुन सक्ने अवस्था नहुँदा पुनरावेदन अदालत, पाटनबाट भएको मिति २०६७।४।२५ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः टीकाराम आचार्य

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०६९ साल फागुन ३० गते रोज ४ शुभम् ।

५

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री दामोदरप्रसाद शर्मा,** पुनरावेदन नं. ०६७-CR-११८२, वैदेशिक रोजगार ठगी, *नेपाल सरकार वि. शिवविन्दुलाल कायस्थ*

प्रतिवादीले जाहेरवालालाई विदेश पठाउन गरिदिएको कागजमा कुन मुलुकमा रोजगारीको लागि पठाउने भनी उल्लेखसम्म गरिएको पाइँदैन भने अर्कोतर्फ जाहेरवालालाई विदेश जानका लागि अपरिहार्य हुने राहदानी लगायत बैदेशिक रोजगारका अन्य आवश्यक कागज प्रमाण समेत वादी पक्षबाट पेश हुन सकेको पाइदैन। विदेश जान इच्छुक जाहेरवालाले राहदानी समेत नबनाएको अवस्थामा निजले प्रतिवादीलाई सोही प्रयोजनका लागि रकम दिएको भन्ने कुरा विश्वासलायक पनि देखिन आउँदैन। प्रतिवादीविरुद्धको अभियोग शङ्कारहित तवरले प्रमाणित गर्ने दायित्व वादी पक्षको रहेकोमा त्यसरी अभियोग प्रमाणित हुने कुनै पनि स्वतन्त्र प्रमाण पेश भएको देखिएको छैन। प्रतिवादीउपरको अभियोग निर्विवाद तवरबाट पुष्टि नभएको स्थितिमा शङ्का र अनुमानकै आधारमा मात्र निज प्रतिवादीलाई कसूरदार ठहर गर्न नमिल्ने।

इजलास अधिकृतः टीकाराम आचार्य
कम्प्युटर सेटिङः विकेश गुरागाई
इति संवत् २०६९ साल फागुन ३० गते रोज ४ शुभम्।

६

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री दामोदरप्रसाद शर्मा,** पुनरावेदन नं. ०६६-CR-०३४३, लागू औषध चरेश, *नेपाल सरकार वि. कान्छा शाही*

प्रतिवादी कान्छा शाहीलाई अभियोग लगाउँदा सहअभियुक्त जोन डेबिडले आफूबाट बरामद भएको लागू औषध निज कान्छा शाहीसँग खरीद गरेको भनी अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा पोल गरेको भन्ने कुरालाई आधार लिएको देखिन आएको छ। त्यसरी यी प्रतिवादीउपर अभियोग लाग्ने मुख्य आधारको रूपमा रहेको प्रतिवादी जोन डेभिडको अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान हेर्दा यी प्रतिवादीलाई पोल गरेको भन्ने कुरा कहीँ कतै खुलेको देखिन आउँदैन। उक्त बयानको स.ज. (६) र (९) मा प्रतिवादी जोन डेभिडले आफूबाट बरामद भएको चरेश नाम र बतन थाहा नभएको तीनजना नेपालीसँग लिएको उनीहरूले आपसमा कुरा गर्दा एकजनालाई राम भनेर सम्बोधन गरेको हुँदा एकजनाको नाम राम हो भनी खुलाएको देखिन आउँछ। निजले अदालतमा बयान गर्दासमेत कान्छा शाही भन्ने व्यक्तिलाई आफूले चिनेको छैन र निजबाट चरेश खरीद गरेको होइन भनी बयान गरेको पाइयो। प्रहरी निरीक्षकले अनुमानको आधारमा दिएको प्रतिवेदनलाई आधार लिई प्रतिवादी कान्छा शाहीलाई चरेश बेच्ने मानिस भनी अभियोग लगाइएको अवस्था देखिन आएको छ। तर, जुन व्यक्तिबाट चरेश बरामद भएको हो उसले प्रतिवादी कान्छा शाहीलाई पोल गर्न सकेको अवस्था नदेखिएको र निज प्रतिवादीउपरको कसूर स्थापित हुने अन्य कुनै सबूद प्रमाण पेश गर्न सकेको नदेखिँदा प्रतिवादी कान्छा शाहीले आरोपित कसूरबाट सफाइ पाउने।

इजलास अधिकृतः टीकाराम आचार्य
कम्प्युटर सेटिङः विकेश गुरागाई
इति संवत् २०६९ साल फागुन २ गते रोज ४ शुभम्।

७

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री दामोदरप्रसाद शर्मा,** पुनरावेदन नं. ०६७-CR-०९९४, ११०८, लागू औषध (खैरो हेरोइन), *नेपाल सरकार वि. माइला उर्गेन लामा, रमेश थापामगर वि. नेपाल सरकार*

बरामदी मुचुल्का, प्रतिवेदकहरू लगायतका साक्षीहरूको मौकाको भनाई र बकपत्र तथा विधिविज्ञान प्रयोगशालाको प्रतिवेदनसमेतका मिसिल संलग्न प्रमाणहरूबाट यी प्रतिवादी रमेश थापा मगरको मौकाको साविती समर्थित र पुष्टि भैरहेको देखिन आएको छ। प्रतिवादी रमेश थापाबाट ९० ग्राम खैरो हेरोइन बरामद भएको अवस्थामा लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ अनुसार बरामद भएको उक्त लागू औषध यो यति कारणले ऐनसम्मत् तवरले राखेको हो भन्ने कुराको पुष्टि गर्ने कार्य वा प्रमाणको भार पुर्‍याउने दायित्व व्यक्तिमा

नै रहन्छ । यी प्रतिवादीले अदालतमा बयान गर्दा मौकाको सावितीमा जवर्जस्ती सही गराइएको भनी जिकीर लिए तापनि सो कुरालाई स्थापित गर्ने कुनै प्रमाण गुजार्न सकेको अवस्था छैन, केवल जिकीरकै आधारले मात्र पत्यारलायक हुन सक्दैन । त्यसको अतिरिक्त उक्त मौकामा बयान गरेको एकदिन पछि म्याद थपका लागि अदालतमा उपस्थित गराउँदा त्यस किसिमले कुटपीट र जवर्जस्ती गराएर बयान गराएको कुराको पोल उजूरसम्म गर्न सकेको पनि पाईंदैन । यस्तो अवस्था र स्थितिबाट निज प्रतिवादीले लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा ४(च) को कसूर गरेको प्रमाणित हुने ।

प्रतिवादी माइला भन्ने उर्गेन लामाको साथबाट लागू औषध बरामद नभएको, निज प्रतिवादीलाई सहअभियुक्त रमेश थापामगरको पोलका आधारमा मात्र समातिएको, बुझिएका व्यक्तिहरू जयन्ती कोइराला, गंगाबहादुर थापासमेतले यी प्रतिवादी लागू औषध कारोवार गर्ने व्यक्ति हुन् भनी भन्न सकेको अवस्था नरहेको, प्रतिवेदकहरू चेतनाथ सुवेदीसमेतले पनि यी प्रतिवादीउपर किटान गरी बकपत्र गर्न सकेको देखिएको छैन । यसरी तथ्ययुक्त र भरपर्दो प्रमाणबाट प्रतिवादी माइला भन्ने उर्गेन लामाउपरको कसूर प्रमाणित हुन नसकेको अवस्थामा केवल अधिककारप्राप्त अधिकारीसमक्षको सावितीको आधारमा मात्र निजलाई कसूरदार ठहर गर्नु उचित र न्यायसङ्गत् नहुने ।

प्रतिवादी रमेश थापा मगरलाई लागू औषध खैरो हेरोइन ओसारपसार गरेको भनी लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा ४ (च) को कसूरमा ऐ.ऐनको दफा १४(१)(छ)(२) बमोजिम १०(दश) वर्ष कैद र रू. ७५,०००।- जरीवाना हुने र प्रतिवादी माइला भन्ने उर्गेन लामाले अभियोग दावीबाट सफाइ पाउने ।

इजलास अधिकृतः टीकाराम आचार्य

कम्प्युटर सेटिङः विकेश गुरागाई

इति संवत् २०६९ साल फागुन २ गते रोज ४ शुभम् ।

८

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कल्याण श्रेष्ठ,** रिट नं. ०६७-WO-०७४९, उत्प्रेषणयुक्त परमादेश, *सम्झना आचार्य वि. ऊर्जा मन्त्रालयका सचिवसमेत*

निवेदकले दस्तूर दाखिल गरी रीतपूर्वक प्राप्त गरेको अनुमतिपत्रको नवीकरण नगर्दाको परिणामस्वरूप अनुमतिपत्र नै रद्द वा खारेजीको अवस्थामा पुग्ने हुँदा सो कार्यमा निजले गरेको आर्थिक र अन्य लगानीसमेत खेर जाने देखिन्छ । निवेदकको कारणबाट मात्र नभई विभिन्न सरकारी निकायबीच रहनुपर्ने न्यूनतम् समन्वय र सहकार्यको अभावमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नको लागि सम्बन्धित निकायबाट स्वीकृति दिने कार्यमा नै करीब एक वर्ष व्यतीत् गरिएको कारणबाट अनुमतिपत्र र नवीकरणमा उल्लेख गरिएको शर्त पूरा हुन नसकेको प्रष्ट देखिएकोले एकतर्फी रूपमा म्याद थप नगर्ने गरी भएको विपक्षीको निर्णय कानूनसम्मत् नदेखिँदा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभागबाट आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कनको लागि अनुमति दिइएको कारणबाट निवेदकले नवीकरणको अवधिभित्र EIA अध्ययन गर्न नसकेको प्रष्ट देखिएकोले अनुमतिपत्र र नवीकरणको शर्त पूरा नगरेको भनी विपक्षी ऊर्जा मन्त्रालयको सचिवबाट मिति २०६७।४।२७ मा म्याद थप नगर्ने गरी गरेको निर्णय त्रुटिपूर्ण देखिएकोले उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । अब उपरोक्त वस्तुतथ्यसमेत विचार गरी विद्युत ऐन, २०४९ को दफा ५(३) बमोजिम निवेदकले अनुमति नवीकरणका लागि दिएको निवेदनका सम्बन्धमा कानूनबमोजिम शीघ्र निर्णय गरिदिनु भनी विपक्षीहरूका नाममा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०६९ साल पुस २३ गते रोज २ शुभम् ।

९

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६७ सालको स.फौ.पु.नं. ०६७-CR-०५६२, कर्तव्य ज्यान, *गणेश सार्की वि. नेपाल सरकार*

प्रतिवादी गणेश सार्कीले मृतक मोती सिँह ठकुरीलाई टाउको जस्तो संवेदनशील अङ्गमा ढुङ्गाले

पटकपटक प्रहार गरेको कार्यबाट मृतकको मृत्यु भएको पुष्टि भएकाले निजको सो कसूर मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र १३(३) नं.को प्रतिकूलको देखिँदा निज प्रतिवादी गणेश सार्कीलाई ऐ. १३(३) नं. अनुसार सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

प्रतिवादीले मृतकलाई मार्नुपर्नेसम्मको पूर्व रिसइवी, तयारी एवं योजना नभएको, मृतक मोती सिँह ठकुरी र प्रतिवादी गणेश सार्की घरतर्फ जाने क्रममा बाटामा भेट भई ठेउका (रक्सी) खाँदाखाँदै आपसमा झगडा भई दुबैतर्फबाट ढुङ्गा हानाहान भएको, प्रतिवादीले अधिकारप्राप्त अधिकारीका साथै अदालतमा समेत बयान गर्दा आफूले गरेको कसूरमा सावित भई न्यायिक प्रक्रियालाई सहयोग पुऱ्याएको समेतका वारदात हुँदाको अवस्था र परिस्थितिलाई विचार गर्दा प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को सजाय हुने देखिँदा न्यायको दृष्टिबाट मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं. बमोजिम प्रतिवादी गणेश सार्कीलाई १० (दश) वर्ष मात्र कैद सजाय हुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६९ साल फागुन २३ गते रोज ४ शुभम् ।

१०

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६७ सालको स.फौ.पु.नं. ०६७-CR-०८७९, कर्तव्य ज्यान, *पूर्णबहादुर सुनार वि. नेपाल सरकार*

रिसइवीकै कारण साथमा रक्सीसमेत लिई एकान्तस्थलमा पुगेपछि प्रतिवादीले मृतकलाई रक्सी खुवाई नशामा पारी कुटपीट गरेको देखिँदा प्रतिवादीले ज्यान मार्ने कर्तव्य गर्नमा तयारीसमेत गरेको देखिन्छ । प्रतिवादीले मृतकलाई एकान्तस्थलमा कञ्चट तथा कानमुनि पटकपटक हात मुक्काले प्रहार गरेको र मृतक अचेत भई ढलेपछि मृतकलाई छाडी भागेको देखिन्छ । मिति २०६२।१०।२३ मा वारदात घटाएपश्चात् प्रतिवादी फरार भई मिति २०६४।६।२८ मा मात्र पक्राउमा परेको देखिन्छ । यसरी मृतकलाई मारी फरार हुनुबाट मृतकलाई कर्तव्य गरी मार्नुमा प्रतिवादीको मनसायसमेत भएको पुष्टि हुन आएको छ । यसरी प्रतिवादीको मृतकसँगको पूर्व रिसइवी, वारदात गर्ने तयारी र मनसायसमेत पुष्टि भएको अवस्थामा प्रतिवादी पूर्णबहादुर सुनारले मृतक रामचन्द्र वि.क.लाई कर्तव्य गरी मारेको पुष्टि हुन आएकोले निजको सो कसूर मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र १३(३) नं. प्रतिकूल देखिँदा निज प्रतिवादी पूर्णबहादुर सुनारलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६९ साल फागुन २३ गते रोज ४ शुभम् ।

११

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६८-WO-०८७४, उत्प्रेषणमिश्रित परमादेश, प्रतिषेध, *वीरबहादुर बुढाथोकीसमेत वि. दिपिशा बुढाथोकीसमेत*

रिट निवेदक र विपक्षी दिपिशा बुढाथोकीबीच चलेको सम्बन्ध बिच्छेद् र अंश मुद्दाको सुनुवाइको क्रममा मिसिल संलग्न तथ्य र सबूद प्रमाणको मूल्याङ्कनको आधारमा ठहरेबमोजिम निर्णय हुन बाँकी नै रहेको र सो निर्णयमा चित्त नबुझे कानूनको म्यादभित्र सम्बन्धित अदालतमा पुनरावेदनपत्र दिन पाउने हकसमेत सुरक्षित नै रहेको देखिन्छ । यस्तो अवस्थामा साधारण अधिकारक्षेत्रअन्तर्गत ललितपुर जिल्ला अदालतमा चलिरहेको उक्त मुद्दामा असर पर्ने गरी यस अदालतको रिट क्षेत्रबाट बोल्न मिल्ने अवस्थासमेत नदेखिने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६९ साल फागुन १४ गते रोज २ शुभम् ।

१२

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६८-WO-१२८२, उत्प्रेषणमिश्रित परमादेश, *गोले मगरसमेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत*

राज्यका हरेक अङ्ग तथा पदाधिकारीहरूका कामकारवाही र क्रियाकलाप कानूनसम्मत हुनुपर्दछ । कोही पनि कानूनभन्दा बाहिर जान सक्दैन । कुनै पनि निकायले जतिसुकै राम्रो परिणाम आउने काम गरे पनि यदि त्यो काम गर्ने अधिकार त्यो निकायलाई छैन अर्थात् नभएको अधिकार प्रयोग गरी निर्णय भएको छ भने त्यस्तो निर्णयले वैधता प्राप्त गर्न नसक्ने ।

प्रचलित कानूनले जिल्ला वन कार्यालयको क्षेत्राधिकारभित्र पर्ने विषयमा हस्तक्षेप गर्ने गरी निवेदकहरूलाई सुनुवाइको मौकासमेत नदिई अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट भएको निर्णय एवं पत्रले कानूनी मान्यता पाउन नसक्ने ।

बेवारिसे बरामदी काठको सम्बन्धमा जिल्ला वन कार्यालय, पाँचथरबाट आवश्यक अनुसन्धान एवं छानबीन भइरहेको भन्ने देखिँदा सो बेवारिसे बरामदी काठ निवेदकहरूको हकको हो, होइन यकीन गर्ने सम्बन्धमा कानूनबमोजिम जे जो बुझ्नु पर्ने हो बुझी निर्णय गर्नु भनी विपक्षी जिल्ला वन कार्यालय, पाँचथरको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः कमलराज विष्ट
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६९ साल फागुन १४ गते रोज २ शुभम् ।

१३

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या. श्री सुशीला कार्की,** रिट नं. ०६९-WH-००४५, बन्दीप्रत्यक्षीकरण, *समीर बराकोटीको हकमा निलेशकुमार जोधानी वि. केन्द्रीय प्रहरी अनुसन्धान विभाग (सि.आई.वि.) महाराजगञ्ज, काठमाडौंसमेत*

निवेदक समीर बराकोटीलाई अवैध सुन चोरी पैठारी मुद्दाको कसूरमा अनुसन्धानको लागि मिति २०६९।९।२४ गते पक्राउ गरी राजश्व अनुसन्धान विभागबाट बयानसमेत लिई थप अनुसन्धानको लागि थुनामा राखिएकोमा अनुसन्धानको क्रममा निज समीर बराकोटीको कसूरमा संलग्नता पुष्टि भएको नपाइएको भनी मिति २०६९।१०।४ गते सावरमल जोधानीको जिम्मामा हाजीर जमानीमा छाडिसकिएको देखिन आएको हुँदा निवेदकले जुन थुनाबाट मुक्त हुनको लागि बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन माग गरेको हो उक्त थुनाबाट निवेदक मुक्त भैसकेको देखिएको अवस्थामा रिट निवेदन मागअनुसार बन्दीप्रत्यक्षीकरणको आदेश गरिरहनु नपर्ने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६९ साल माघ १४ गते रोज १ शुभम् ।

१४

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या. श्री सुशीला कार्की,** रिट नं. ०६९-WH-००४६, बन्दीप्रत्यक्षीकरण, *चन्द्रसिंह साउदको हकमा द्वारिका साउद वि. जिल्ला प्रहरी कार्यालय, रामेछाप, मन्थली*

बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भन्ने निवेदक पक्ष नै अदालतबाट तोकिएको पेशी तारिखमा उपस्थित नभई आफ्नो निवेदन दावीका सम्बन्धमा दुबै पक्षबीच हुने छलफलमा यथार्थ कुरा बताई अदालतलाई सहयोग गर्न उपेक्षा गरी आफ्नो माग दावीमासमेत उदासीन भई बसेको पाइयो । निवेदकले रिट निवेदनमा जुन प्रहरी कार्यालयले पक्राउ गरी बन्दी बनाई राखेको दावी गरेको हो उक्त प्रहरी कार्यालयबाट पक्राउ नै नगरिएको व्यहोराको लिखित जवाफ पेश भएको देखिँदा निवेदन दावीबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनु नपर्ने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६९ साल माघ १४ गते रोज १ शुभम् ।

१५

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या. श्री सुशीला कार्की,** रिट नं. २०६९-WH-००४९, बन्दीप्रत्यक्षीकरण, *अमर नेपालीको हकमा पुनम नेपाली वि. प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगञ्ज, काठमाडौंसमेत*

अदालती बन्दोबस्तको महलको १९४ नं. को कानूनी व्यवस्थाबमोजिम जरीवाना नबुझाए वा धरौट वा जमानत पनि दिन नसके जरीवानाबापत लाग्ने कैद र फैसलाले भएको कैद असूल गर्न

कारागारमा पठाई दिनुपर्ने कानूनी व्यवस्था भएको देखिन्छ । तत्काल हाजीर नभई ठहर भएको सजाय भुक्तान नगर्ने र पुनरावेदन गर्न अदालती बन्दोबस्तको महलको १९४ नं. को प्रक्रियाबमोजिम निवेदन नगरेका कसूरदारलाई सम्बन्धित प्रहरी कार्यालयको सहयोगसमेत लिई पक्राउ गरी जुनसुकै समयमा फैसला कार्यान्वयन गर्नसक्ने अधिकार सम्बन्धित अदालतलाई हुने कुरा दण्ड सजायको २३ नं. र अदालती बन्दोबस्तको महलको १९४ को कानूनी व्यवस्थाको आशय रहेको छ । उल्लिखित कानूनी व्यवस्थाअनुसार कसूरदारले पुनरावेदन गर्न पाउने म्यादसम्म फैसलाबमोजिम लागेको सजाय असूल गर्न नमिल्ने भन्न देखिन नआउने ।

निवेदक अमर नेपालीलाई काठमाडौं जिल्ला अदालतको मिति २०६८।१०।१२ को फैसलाले एक वर्ष कैद र रू. १२,८०,०००।- जरीवाना भएको देखिँदा फैसलाबमोजिमको सजाय भुक्तान गर्नु निवेदकको दायित्व हुन्छ । यदि उक्त फैसलाउपर पुनरावेदन गर्ने हो भने पनि जरीवानाको हकमा जरीवाना रकम बुझाउने वा सोबापत जेथा जमानी दिनुपर्ने र कैदको हकमा तत्काल कैदमा नबस्ने भए मुलुकी ऐन, अ.बं. १९४ नं. को कानूनी व्यवस्थाबमोजिम अदालतमा निवेदन गरी पुनरावेदन गर्ने म्यादसम्मका लागि अदालतको आदेशबमोजिम धरौट वा जमानतको सुविधा लिनुपर्ने हुन्छ । निवेदक अमर नेपालीले प्रस्तुत रिट निवेदनमा फैसलाबमोजिम जरीवाना रकम बुझाएको वा सोबापत जेथा जमानी दिएको केही उल्लेख गर्न नसक्नुका साथै कैदको हकमा समेत अ.बं. १९४ नं बमोजिम पुनरावेदन गर्ने म्यादसम्मको लागि अदालतको आदेशबमोजिम धरौट वा जमानतको सुविधा लिएको समेत देखिन्न । यसरी निवेदकले मुलुकी ऐन, दण्ड सजायको महलको २३ नं. र अदालती बन्दोबस्तको महलको १९४ नं. को कानूनी व्यवस्थाको अनदेखा गरी वैयक्तिक एवं न्यायिक अधिकार कुण्ठित भयो भनी दायर गरेको बन्दीप्रत्यक्षीकरणको प्रस्तुत निवेदन कानूनसम्मत मान्न नमिल्ने ।

अदालतको फैसलाबाट कसूर कायम भई सजाय तोकिएका कसूरदारलाई फैसलाबमोजिमको सजाय असूल गर्नु अदालतको कानूनी दायित्व हो । कसूर ठहर भएका कसूरदारको सजाय कार्यान्वयन नहुने हो भने दण्डहीनता (Impunity) ले प्रश्रय पाउने मात्र होइन, अदालतको फैसला निष्प्रभावी भई विधिको शासन नै कायम नहुने ।

मुलुकी ऐन, दण्डसजायको महलको २३ नं. को कानूनी व्यवस्थाको आशय पनि फैसलाले दोषी ठहर भएका कसूरदारका हकमा तत्काल फैसलाको कार्यान्वयन गरी दण्डहीनतालाई अन्त्य गर्नु हो । शुरू फैसलाउपर पुनरावेदन गर्ने अधिकार (Right to Appeal) पक्षको अधिकार हो । तथापि शुरू फैसलाले कसूरदार ठहर भई जरीवाना र कैद लागेका मुद्दाका पक्षले पुनरावेदन गर्दा कानूनले तोकेको शर्त र दायित्वको पालना गर्नुपर्ने ।

मुलुकी ऐन, दण्ड सजायको महलको २३ नं. ले सजाय पाएका कसूरदारले जरीवानाको हकमा जरीवाना रकम बुझाउने वा जेथा जमानी दिनुपर्ने र कैदको हकमा अ.बं.१९४ नं. बमोजिम अदालतमा निवेदन गरी अनुमति लिनु पर्ने गरी तोकेको हुँदा अदालतबाट कसूर ठहर भई सजाय पाएका कसूरदारलाई तत्काल सजाय कार्यान्वयन गर्न सकिने मुलुकी ऐन, दण्ड सजायको महलको २३ नं. मा कानूनी व्यवस्था भएको र निवेदकले काठमाडौं जिल्ला अदालतको फैसलाउपर मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १९४ नं. को प्रक्रिया अपनाई पुनरावेदन गर्न सक्ने अवस्थामा उक्त कानूनी व्यवस्थाको अवलम्बन नगरी प्रस्तुत रिट दायर गरेकाले निवेदक अमर नेपालीलाई फैसलाबमोजिम सजाय असूल गर्न थुनुवा पूर्जी दिई थुनामा पठाएको कार्य कानूनप्रतिकूल नदेखिँदा रिट निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६९ साल माघ १९ गते रोज ६ शुभम् ।

१६

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या. श्री सुशीला कार्की,** ०६५-WO-०१११, उत्प्रेषणमिश्रित परमादेश, *कन्तलाल राय यादव वि. नन्दलाल राय यादवसमेत*

मुद्दा अन्तिम निर्णय हुनुअघि वा मुद्दा विचाराधीन रहेको अवस्थामा दण्ड सजायको ४२ नं. बमोजिम बिगो भराईपाऊँ भनी निवेदन दिन र बिगो भरी भराउको कारवाही गर्न नमिल्ने भनी पुनरावेवेदन अदालत, हेटौंडाबाट रोक्का जग्गा फुकुवा गर्ने आदेश सदर गरेकोमा सो आदेशउपर पनि यी रिट निवेदकले कुनै चुनौती दिएको अवस्था देखिन आएन । दण्ड सजायको ४२ नं. मा बिगो भरी लिन पाउने ठहरी अदालतबाट अन्तिम फैसला भएको मितिले तीन वर्षभित्र बिगो भराईपाऊँ भनी दरखास्त दिनुपर्ने कानूनी व्यवस्था रहेको छ । त्यस कारण बाली बिगो मुद्दाको अन्तिम निर्णय हुनुअघि बिगोमा दरखास्त दिई रोक्का रहेको कार्य सो कानूनी व्यवस्थाअनुकूलको नदेखिने ।

बिगो भरिभराउको मिसिल संलग्न कागजातबाट रोक्का फुकुवा भएपश्चात् केही जग्गाहरू विपक्षी नन्दलालले विभिन्न व्यक्तिहरूलाई लिखत पारित गरिदिएको देखिएको र सो जग्गाको हक हस्तान्तरण गर्नुपूर्व अदालतको आदेशबाट रोक्का फुकुवा भैसकेको र सो फुकुवा बारे निवेदकको कुनै चुनौतीसमेत नरहेको अवस्थामा विपक्षी नन्दलालले अदालतबाट फुकुवा भएपश्चात् आफ्नो नाममा दर्ता रहेको अन्यत्र हक हस्तान्तरण गरेको भन्ने देखिँदा त्यसरी हक हस्तान्तरण भएको कार्यलाई निवेदन मागबमोजिम अन्यथा गर्ने गरी यस अदालतबाट असाधारण अधिकारअन्तर्गत रिटको माध्यमबाट सो लिखत र सोको आधारमा भएको दर्ता बदर गर्न मिल्ने अवस्थासमेत देखिन नआउने ।

निवेदकले आफूलाई मर्का परेको विषयमा समयमा नै उपचारको माग नगरेको र समयमै उपचार माग्न आउन नसकेको अवस्थाको बारेमा समेत रिट निवेदनमा केही कारण उल्लेख नगर्ने पक्षलाई अदालतले सहयोग गर्न सक्दैन । अन्यायमा परेको व्यक्ति समयमा नै उपचारको लागि अदालत प्रवेश गर्नुपर्ने हुन्छ । तसर्थ Doctrine of Laches का आधारमा समेत प्रस्तुत रिट निवेदन कायम राख्न सक्ने देखिन नआउने ।

यिनै निवेदक र विपक्षी नन्दलालबीच अदालतमा बाली बिगो मुद्दा चलेको देखिएकोमा सो मुद्दा अन्तिम किनारा हुनुअघि अर्थात् विचाराधीन रहेको अवस्थामा वादीले फैसलाअनुसार बिगो भराईपाऊँ भन्ने दरखास्त दिई निवेदनमा उल्लिखित जग्गा रोक्का रहेको देखिएको, सो रोक्का राख्ने कार्य दण्डसजायको ४२ नं. को कानूनी व्यवस्थाविपरीत भएको भनी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०५७।१०।२० मा शुरू रौतहट जिल्ला अदालतबाट रोक्का फुकुवा गर्ने गरेको आदेश सदर गरेको, निवेदकले सो आदेशउपर मौकैमा कुनै चुनौती नगरी चित्त बुझाई बसेको र यसै सम्बन्धमा रौतहट जिल्ला अदालतबाट बाँकी जग्गा फुकुवा गर्ने गरी भएको मिति २०६३।९।२१ को आदेश पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६४।४।१८ मा सदर भएकोमा सो आदेश बदर गरिपाऊँ भनी निवेदकले अनुचित बिलम्ब गरी मिति २०६५।५।१२ मा मात्र प्रस्तुत रिट निवेदन दिएको अवस्था देखिँदा यस्तो स्थितिमा निवेदकको मागबमोजिम आदेश जारी हुनसक्ने अवस्थाको विद्यमानता देखिएन । अतः प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६९ साल माघ ९ गते रोज ३ शुभम् ।

१७

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कमलनारायण दास,** रिट नं. ०६६-WO-०६९०, उत्प्रेषणसमेत, *तारा सुब्बा वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत*

नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ३१(ख) बमोजिम रिक्त पद मिलेसम्म पति पत्नीलाई एउटै जिल्लामा पठाउने गरी सरूवा गर्नुपर्नेमा सो नगरिएको कारणले सरूवा निर्णय गैरकानूनी भएको भन्ने निवेदन जिकीर रहेको पाइन्छ । निवेदनमा उल्लेख भएअनुसार निजका पति मोहम्मद इस्माइल पनि

नेपाल स्वास्थ्य सेवाको सातौं तहको जनस्वास्थ्य निरीक्षक पदमा मोरङ जिल्लामा नै कार्यरत् रहेको भन्ने देखिन्छ । यसअघि निजहरू दुबैजना तेह्रथुम जिल्लामा कार्यरत् रहेकोमा मिति २०६३।९।२८ को निर्णयले मोरङमा सरूवा भई आएको भन्ने निवेदनमा नै उल्लेख भएको देखिएकोले पद मिलेसम्म पति पत्नीलाई एउटै जिल्लामा कार्यरत् रहने अवसर प्रदान गरेकै देखिन्छ । नियम ३१(ख) मा उल्लेख भएको रिक्त पद मिलेसम्म पति पत्नीलाई एउटै जिल्लामा पठाउने गरी सरूवा गर्ने भन्ने व्यवस्था कर्मचारीले अधिकारस्वरूप दावी गर्न मिल्ने विषय नभई प्रशासनिक र व्यवस्थापकीय दृष्टिकोणबाट सम्भव र व्यावहारिक भएसम्म विचार गरिनु पर्ने देखिन आउँछ । निवेदककै भनाइअनुसार दुई-दुई पटक त्यस्तो अवसर दिइएको पनि देखिएको छ । व्यावहारिक रूपमा उपयुक्त भएको स्थितिमा यसपछि पनि निवेदकलाई त्यस्तो अवसर प्राप्त हुनसक्ने नै देखिएको र सो विषय रिट निवेदनको रोहबाट यस अदालतले निर्देशित गर्ने विषय नभई सम्बन्धित निकायबाटै विचार गरिने विषय हुँदा त्यस्तो प्रशासकीय तजवीजको विषयमा न्यायिक अधिकारक्षेत्रबाट हस्तक्षेप गर्न नमिल्ने ।

अधिकृत छैठौं र सातौं तहका कर्मचारीलाई सरूवा गर्नसक्ने गरी स्वास्थ्य सेवा विभागलाई अधिकार प्रत्यायोजनको नभएको देखिएकोले विभागबाट गरिएको सरूवासम्बन्धी निर्णयमा अधिकारक्षेत्रको त्रुटि नदेखिएको, मजदुरलाई लागू हुने ट्रेड यूनियन ऐन, २०४९ को व्यवस्था नेपाल स्वास्थ्य सेवाअन्तर्गत कार्यरत् कर्मचारीको हकमा आकर्षित हुने अवस्था पनि नभएको दरबन्दी मिलेसम्म पति पत्नीलाई एकै जिल्लामा पठाउने गरी सरूवा गर्नुपर्ने भन्ने नियमको व्यवस्था व्यावहारिक दृष्टिकोणबाट सम्भव भएको स्थितिमा प्रशासकीय तजबीजबाट हुने विषय भएको र विवादित सरूवा निर्णयको अवधि भुक्तान भई विषयवस्तु नै असान्दर्भिक भैसकेको परिप्रेक्ष्यमा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था र स्थिति विद्यमान नभएकोले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी

इति संवत् २०६९ साल असोज १५ गते रोज २ शुभम् ।

१८

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कमलनारायण दास,** रिट नं. ०६६-WO-१०१८, उत्प्रेषणसमेत, *भीमसेन पन्त वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत*

ट्रेड यूनियनमा आवद्ध निवेदकलाई निजको सहमति नलिई गरिएको सरूवा ट्रेड यूनियन ऐन, २०४९ प्रतिकूल भएको भन्ने निवेदन जिकीर रहेको पाइन्छ । तर, यस्तै प्रकृतिको समान कानूनी प्रश्न उठाइएको निवेदक मिश्रीलाल शर्मा विरूद्ध नेपाल सरकार स्वास्थ तथा जनसंख्या मन्त्रालयसमेत विपक्षी भएको रिट नं. ०६७-WF-००१९, को उत्प्रेषणसमेतको निवेदनमा यस अदालतको पूर्ण इजलासबाट ट्रेड यूनियन ऐन, २०४९ प्रतिष्ठानमा काम गर्ने कामदारहरूको हकमा आकर्षित हुने देखिएकोले उक्त ऐनले गरेको प्रतिष्ठान र कामदार शब्दको परिभाषाभित्र निवेदक कार्यरत् नेपाल सरकारको स्वास्थ्य सेवा र सो सेवामा कार्यरत् कर्मचारी पर्नसक्ने देखिन नआउने भन्नेसमेत सिद्धान्त प्रतिपादन भई रिट निवेदन नै खारेज हुने ठहऱ्याई मिति २०६८।११।११ मा निर्णय भैसकेको देखिन्छ । यस अदालतको पूर्ण इजलासबाट उपरोक्तबमोजिम स्पष्ट व्याख्या भई नेपाल स्वास्थ्य सेवामा कार्यरत् कर्मचारीका हकमा ट्रेड यूनियन ऐन लागू नहुने भन्ने सिद्धान्त स्थापित भैसकेको देखिँदा ट्रेड युनियनमा आवद्ध भएकै आधारमा सरूवा गर्न नहुने भन्ने निवेदन जिकीरका सम्बन्धमा थप विचार गरिरहनु नपर्ने ।

उस्तै अवस्थाका कर्मचारीहरूमध्ये कसैका हकमा स्तरवृद्धिअनुरूप पदनाम सच्याउने र कसैका हकमा नसच्याउने विपक्षीहरूको कार्य कानूनसम्मत् देखिन आएन । त्यसैले सरूवा मितिबाट निवेदकलाई गरिएको विवादित सरूवाको अवधि भुक्तान भएको कारणबाट प्रस्तुत निवेदनको औचित्य समाप्त भैसकेको देखिए पनि निवेदकले स्तरवृद्धिबाट प्राप्त गरेको पदनाम पाउनु निजको कानूनी हकलाई अन्यथा गर्न नमिल्ने ।

मजदूरलाई लागू हुने ट्रेड यूनियन ऐन, २०४९ को व्यवस्था नेपाल स्वास्थ्य सेवाअन्तर्गत

कार्यरत् कर्मचारीको हकमा आकर्षित हुने अवस्था पनि नभएको र विवादित सरूवा निर्णयको अवधि भुक्तान भई विषयवस्तु नै असान्दर्भिक भैसकेको हुँदा निवेदन मागबमोजिम उत्प्रेषणको आदेश जारी गर्नुपर्ने अवस्था र स्थिति विद्यमान देखिएन । परन्तु निवेदकलाई निजको पदीय हैसियत देखिने गरी औपचारिक रूपमा सम्वोधन गरिने पत्राचारहरूमा निजलाई दिइएको अधिकृत छैठौं तहको पदनाम उल्लेख हुनु कानूनी रूपमा नै अनिवार्य देखिएकाले अब उप्रान्त सो पदनाम उल्लेख गर्नु भनी विपक्षीहरूको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी

इति संवत् २०६९ साल असोज १५ गते रोज २ शुभम् ।

१९

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री सुशीला कार्की,** रिट नं. २०६९-WH-००६९, बन्दीप्रत्यक्षीकरण, *अमीर आलेमगरको हकमा मखलीमाया आले वि. महानगरीय प्रहरी परिसर, हनुमानढोकासमेत*

निवेदकले आफू बौलाहा भन्ने अमीर लामा होइन भनी प्रमाणित गर्नको लागि अमीर आलेमगरका नामबाट कन्या माध्यमिक विद्यालय यट्खा काठमाडौंबाट २०६३ सालमा कक्षा ६ मा अध्ययन गरेको भन्ने व्यहोराको चारित्रिक प्रमाणपत्र र लब्धाङ्क तालिका पेश गरेको देखिएको छ । तर निजउपर मिति २०६९।१२।७ मा कर्तव्य ज्यान र ज्यान मार्ने उद्योग मुद्दा दायर भएपछि अदालतमा बयान गरेकै दिन मिति २०६९।१२।८ मा कन्या विद्यालयबाट प्राप्त गरेको सो प्रमाणपत्र विवादित प्रकृतिको देखिएकोले विचाराधीन मुद्दामा असर पर्ने गरी बन्दीप्रत्यक्षीकरणको निवेदनको रोहबाट त्यस सम्बन्धमा बोल्न मिल्ने अवस्था नहुने ।

बन्दीप्रत्यक्षीकरणको निवेदनबाट निवेदकलाई गैरकानूनी रूपमा थुनामा राखिएको छ, छैन भन्ने कुरासम्म हेरिने हो । विवादास्पद तथ्यको निरोपण सम्बन्धित मुद्दाको इन्साफको रोहमा गरिने हुँदा रिट क्षेत्रबाट विचाराधीन रहेको मुद्दाको अन्तर्वस्तुभित्र प्रवेश गरी बोल्न मिल्ने अवस्थासमेत नरहने हुँदा निवेदकलाई गैरकानूनी रूपमा थुनामा राखिएको भन्ने अवस्था नदेखिई मुद्दा हेर्ने अधिकारीको आदेशबाट मुद्दाको पुर्पक्षको निमित्त थुनामा राखेको र सो आदेशको सामान्य न्यायिक क्षेत्राधिकारअन्तर्गत तहतह जाँच परीक्षण गर्नसक्ने कानूनी उपचारको मार्ग विद्यमान नै रहेको देखिँदा निवेदन माग दावीबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनु नपर्ने ।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी

इति संवत् २०६९ साल चैत २७ गते रोज ३ शुभम् ।

२०

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** २०६७-CR-०३१२, गैंडाको खाग बिक्री व्यवसाय गरेको, *सूर्यबहादुर तामाङसमेत वि. नेपाल सरकार*

प्रतिवादीहरू सूर्यबहादुर तामाङ र तिलबहादुर गुरुङको साविती बयान एकआपसमा तथ्यगत रूपमा मिल्नुको साथै २०५८।८।२० को गैंडाको लास प्रकृति र घटना प्रकृति मुचुल्काबाट समर्थित भएको देखिन्छ । निज दुबै जना प्रतिवादीहरूले एकआपसमा पोल गर्नुको अन्य कुनै आधार र कारण देखिँदैन । सर्जमीन मुचुल्काका मानिसहरूले लेखाई दिएको व्यहोराबाट समेत यी प्रतिवादीहरूको उल्लिखित साविती बयान समर्थित भएको देखिन्छ । घटनास्थल प्रकृति मुचुल्कामा बस्ने पहुबारी यादवले उक्त घटनास्थल प्रकृति मुचुल्कामा लेखाएको व्यहोरालाई समर्थन गर्दै मुद्दा हेर्ने अधिकारीसमक्ष बकपत्र गरी लेखाएको व्यहोरा समेतबाट यी प्रतिवादीहरूको उल्लिखित साविती बयान समर्थित भएको देखिन्छ । यसरी उल्लिखित तथ्यहरू एकापसमा शृङ्खलावद्ध रूपमा मिली समर्थित भएको देखिँदा यी प्रतिवादीहरू सूर्यबहादुर तामाङ र तिलबहादुर गुरुङले अभियोग दावीबमोजिम अवैध रूपमा संरक्षित गैंडाको खाग खरीद बिक्री व्यवसाय गरी रकम लिए खाएको तथ्य स्थापित भएको देखिन आएबाट आरोपित कसूर अपराध गरेको देखिँदा निजहरूलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा छ(१) को कसूर अपराधमा सोही ऐनको दफा २६(१) बमोजिम जनही

१५(पन्ध्र) वर्ष कैद र रू. १,००,०००।- (एकलाख) जरीवाना हुने ।
इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम
कम्प्युटरः मञ्जिता ढुंगाना
इति संवत् २०६८ साल चैत ८ गते रोज ४ शुभम् ।

२१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६४-WO-००८८, उत्प्रेषणयुक्त परमादेशसमेत, *फुलमहमद मियाँ धुनिया वि. अर्थ मन्त्रालयसमेत*

निवेदकले उठाएको विषय जग्गाको हक, वेहक र मुआव्जा प्राप्त गरे नगरेको भन्ने विषयसँग सम्बन्धित भई सो विषयमा सबूद प्रमाणको मूल्याङ्कन गरी जग्गाको यकीन क्षेत्रफलसमेत नाप जाँच गरी निर्णय गर्नुपर्ने देखिन आयो । यसरी सबूद प्रमाणको मूल्याङ्कन गरी जग्गाको यकीन क्षेत्रफलसमेत नाप जाँच गरी निर्णय गर्नुपर्ने विषय अदालतको साधारण अधिकारक्षेत्रभित्र पर्ने भएकोले असाधारण अधिकारक्षेत्रअन्तर्गत विवादको तथ्यभित्र प्रवेश गरी निर्णय गर्न मिल्ने देखिन नआएबाट विवादित जग्गामा निजको निर्विवाद हक रहे नरहेको भन्ने कुरा प्रस्तुत रिट निवेदनबाट प्रथम दृष्टिमा (Prima Facie) नै यकीन गर्न नसकिने हुँदा निजले उक्त जग्गाको मुआब्जा पाए वा नपाएको भन्ने तथ्यभित्र प्रवेश गरी असाधारण अधिकारक्षेत्रअन्तर्गत विवादको निरोपण गर्न नमिल्ने हुँदा रिट निवेदक फुलमहमद मियाँ धुनियाको रिट निवेदन मागबमोजिम आदेश जारी गर्न नमिल्ने ।
इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम
कम्प्युटरः मन्जिता ढुंगाना
इति संवत् २०६९ साल वैशाख १८ गते रोज २ शुभम् ।

## इजलास नं. १

**मा. न्या. श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री गिरीश चन्द्र लाल, ०६६-WO-०५३४,** परमादेश/उत्प्रेषण, *छठु राय यादव वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल काठमाडौंसमेत*

अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२क र १२ख का कानूनी व्यवस्थाहरू अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ मा अख्तियार दुरूपयोग अनुसन्धान आयोग (दोस्रो संशोधन) ऐन, २०५९ ले थप गरेको देखिन्छ । सो कानूनी व्यवस्थामा सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको "अनुचित कार्य" को दुष्परिणाम सच्याउने सम्बन्धी व्यवस्था रहेको छ । दफा १२ख बमोजिम दुष्परिणाम सच्याउने आदेश गर्नु पूर्व आयोगले सार्वजनिक पद धारण गर्ने व्यक्तिले ऐनको दफा ३ बमोजिमको अनुचित कार्य गरेको हो भनी दफा १२क बमोजिम ठहर गर्नुपर्ने हुन्छ । दफा १२ख को कानूनी व्यवस्था पालन गर्दा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले दफा १२क बमोजिमको सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरेको हो भनी ठहर गरिसकेपछि मात्रै दफा १२ख बमोजिम अनुचित कार्यबाट उत्पन्न दुष्परिणाम सच्चाउनका लागि सम्बन्धित अधिकारी वा निकायलाई आयोगले लेखी पठाउन मिल्ने स्पष्ट कानूनी व्यवस्था भएको देखिन्छ । दफा १२क बमोजिम अनुचित कार्य गरेको ठहर नगर्दै सो को दुष्परिणाम सच्याउने भनी दफा १२ख बमोजिम निर्णय गर्न मिल्ने हुँदैन । अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३, दफा १२क र दफा १२ख परस्परमा स्वतन्त्र कानूनी व्यवस्था नभई एकआपसमा अन्तर्सम्बन्धित र अन्तर्निर्भर कानूनी व्यवस्था रहेको र यी कानूनी व्यवस्थाहरूको प्रयोग सामूहिक रूपमा गर्नुपर्ने ।

सार्वजनिक पद धारण गर्ने व्यक्तिको अनुचित कार्यबाट सर्वप्रथम नेपाल सरकार वा सार्वजनिक संस्थालाई हानि नोक्सानी पुगेको अवस्थाको विद्यमानता हुनुपर्दछ । नेपाल सरकार वा अन्य सार्वजनिक संस्थालाई उसको हक हित वा स्वार्थमा कुनै हानि नोक्सानी भएको नदेखिएको अवस्थामा सार्वजनिक पद धारण गर्ने व्यक्तिले गरेको कार्यका सम्बन्धमा अनुचित कार्य गरेको भनी सोलाई सच्याउने, बदर गर्ने लगायतका अधिकार प्रत्यर्थी आयोगलाई भएको सम्झन नमिल्ने ।

व्यक्ति व्यक्तिबीचको जग्गा तथा सोको दाखेल खारेज नामसारीका सम्बन्धमा कसैको उजूरी लिन तथा उजूरी दिएको भए पनि अदालतबाट भएको निर्णयलाई निष्प्रभावी तुल्याउने गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले निर्णय गर्नु कानूनअनुकूल मान्न मिल्दैन र यस्तो निर्णयलाई आफ्नो अधिकारक्षेत्रको अतिक्रमण गरी निर्णय गरेको भन्नु पर्ने ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सरकारी वा सार्वजनिक संस्थानलाई हानि पुऱ्याउने गरी सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरेको अवस्थामा मात्र अधिकारक्षेत्र ग्रहण गरी कार्य गर्नुपर्नेमा सो बाहेक एक व्यक्तिको जग्गा अदालतको फैसलाबमोजिम अन्य व्यक्तिको नाउँमा दा.खा. नामसारी गरेको मालपोत कार्यालयको निर्णयलाई पुनरावेदन सुनी निर्णय गरे सरह बदर गर्ने गरी मिति २०६६।८।८ मा गरेको निर्णय अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३, दफा १२क र दफा १२ख को कानूनी व्यवस्थाविपरीत आफ्नो अधिकारक्षेत्रको अतिक्रमण गरी गरेको देखिएकोले सो निर्णय र सो निर्णयबमोजिम मालपोत कार्यालय, डिल्लीबजारले गरेको निर्णयसमेत उत्प्रेषणको आदेशले बदर हुने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६९ साल चैत २६ गते रोज २ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६६-WO-०४८७, उत्प्रेषण, *नन्दलाल राय यादव वि. कन्तलाल राय यादवसमेत*

अंशबाट प्राप्त जग्गा रिट निवेदकले खिचोला गरे भनी आमा जगमनियादेवीले दिएको ज.खि. च. मुद्दा २०५४।१०।९ मा पुनरावेदन अदालत, हेटौंडाको अन्तिम फैसलाअनुसार पहिलो पटक चलन चलाई मिति २०५६।१२।१७ मा चलन पूर्जीसमेत प्राप्त भएको देखिन्छ । उक्त जग्गा यी निवेदकले पुनः चलन हटक गरेउपर कारवाही हुँदा निजलाई रू. १००।- जरीवाना गरी मुद्दा सकार गर्ने कन्तलाललाई दोस्रो पटक चलन चलाई मिति २०६०।५।१० मा चलन पूर्जी प्रदान गरेको देखिन्छ । दोस्रो पटक चलन चलाएउपर निवेदकले कुनै कारवाही अगाडि बढाई बदर गर्न गराउनसमेत सकेको देखिँदैन । आमाको मृत्युपश्चात् आमाको सम्पत्तिमा यी निवेदकको अपुताली हक कायम नहुञ्जेल पूर्व फैसलाअनुसारको कार्यान्वयनलाई प्रतिकूल प्रभाव पार्नसक्ने अधिकार यी निवेदकमा रहे भएको देखिन आउँदैन । अपुताली हक को कसमा जाने, कसको हक पुग्ने भन्ने विचाराधीन विषयले अघिल्ला फैसलाको कार्यान्वयनलाई असर पार्न सक्दैन । अन्तिम भएर बसेको फैसला सो फैसला बदर नहुञ्जेल सदैव कार्यान्वयनयोग्य हुन्छ । फैसला कार्यान्वयन रोक्का राख्नु भनी आदेश नभएको अवस्थामा रोक्न मिल्दैन । न्यायको उद्देश्य फैसलाको सफल कार्यान्वयनमा अडेको हुँदा अदालत सदैव आफ्नो फैसलाको कार्यान्वयनको पक्षमा उभिनु पर्छ । आमाको नाउँको सम्पत्तिमा निवेदकको अपुताली हक कायम हुने गरी फैसला भएमा सोही फैसलाबाट नै निजको हकसमेत कानूनबमोजिम उसै बखत प्रचलन हुनसक्ने नै हुँदा अहिले नै अन्तिम भएर रहेको पूर्व फैसलाको कार्यान्वयन रोक्नुपर्दछ भन्ने निवेदन दावीसँग सहमत हुन सकिएन । आमाको मृत्युपश्चात् दाखिल खारेज नामसारीको विषयमा अगाडि बढ्दै गएको कारवाहीको आधारमा पहिलाको फैसलाबमोजिम दुईपटक चलन पाइसकेको जग्गाको तेस्रो पटकको चलनको कारवाही मुल्तवी राख्ने गरी भएको जिल्ला अदालतको आदेश त्रुटिपूर्ण देखी बदर गरी फैसला कार्यान्वयन गर्नु भनी पुनरावेदन अदालतबाट भएको आदेश कानूनसम्मत् देखिने ।

आमा जगनिमायाको अपुताली हक रिट निवेदक नन्दलालले समेत पाउने गरी निर्णय भैनसकेको र फैसला कार्यान्वयनको क्रममा दुई पटकसम्म निवेदकले चलन चलाई पाइसकेको अवस्थामा तेस्रो पटकको कामकारवाही रोक्न नमिल्ने

हुँदा मुल्तवी राख्ने गरी भएको जिल्ला अदालतको आदेश बदर गरी चलन चलाउनू भनी पुनरावेदन अदालतबाट भएको आदेश न्याय तथा कानूनअनुकूलकै देखिँदा रिट निवेदन दावीबमोजिमको आदेश जारी हुन नसक्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६९ साल फागुन १० गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६६-WO-०५४३, उत्प्रेषणयुक्त परमादेश, *मथुरादेवी प्रधानाङ्गसमेत वि. मालपोत कार्यालय, धनुषा, जनकपुरसमेत*

बसाई सराई गएको र आएको दुबै कुरा कानूनबमोजिम प्रमाणित रहे भएको देखिएको अवस्थामा सो खण्डित नभएसम्म प्रमाणिक नै मान्नुपर्ने ।

एकजना प्रतिवादी बसाइसराई गरी अन्यत्र बसेको तथा अन्य प्रतिवादी विस्थापित भै अन्यत्र रहे बसेको यस्तो अवस्थामा प्रतिवादीहरू कसैका उपर पनि रीतपूर्वक इतलायनामा तामेल भएको नदेखिएमा सो अनदेखा गरी त्यस्तो तामेली म्यादलाई मान्यता दिन मिल्ने देखिएन । त्यसको अतिरिक्त फैसलाबमोजिम बिगो भराउने प्रक्रियामा समेत जारी लिलामी सूचनाहरूसमेत रीतपूर्वकको देखिँदैन । प्रतिवादीहरूले आफ्नो सम्पत्ति लिलामी हुन लागेको थाहा पाएमा त्यसलाई बेवास्ता गर्नसक्ने अवस्था नरहेको हुँदासमेत निवेदकहरूले प्रतिवाद गर्न सक्ने गरी कानूनबमोजिम म्याद तामेल गरेको भन्न सकिने कुनै अवस्था विद्यमान नदेखिने ।

कार्यालयमा टाँस गर्न म्याद बुझ्नु र म्याद तामेल हुँदा रोहबरमा बस्नु अलगअलग कुरा हो । कानूनले म्याद टाँस्दा स्थानीय निकायका प्रतिनिधि वा सचिव वा कम्तीमा तृतीय श्रेणीको स्थानीय सरकारी कर्मचारी रोहबरमा राख्नुपर्ने गरी व्यवस्था गरेकोमा गा.वि.स. मा टाँस्नको लागि प्रा.स.ले एकप्रति म्याद बुझिलिँदैमा टाँस गर्ने बेलामा रोहबरमा बसेको अर्थ गर्न मिल्दैन । सचिवको हैसियतमा निजको रोहबरमा तामेली भए गरेको भए सो व्यहोरा जनाउनु पर्ने ।

म्याद तामेलीको प्रक्रिया नै दोषपूर्ण देखिएको र निवेदकमध्येका लेनदेन मुद्दाको प्रतिवादी कमलेश रीतपूर्वक बसाई सराई गरी अन्यत्र गएको देखिएको अवस्थामा पुरानो वतनमा बाबुले गरेको कारोवारमा सोही वतन देखाई घरद्वारमा सम्बन्धित मानिस फेला नपरेको व्यहोरा जनाई तामेल भएको अवस्थामा समेत सो समयमा कुनै सोधखोज नगरी सोही वतनमा गा.वि.स. सचिव वा पदाधिकारीको रीतपूर्वकको उपस्थितिको अभावमा भएको तामेलीलाई रीतपूर्वक मानी फैसला गर्ने र त्यसपछि सो आधारमा लिलाम सकार गराउने दा.खा. गर्नेलगायतका कारवाहीहरू दोषपूर्ण नै रहेको देखिने ।

मुद्दामा गर्नुपर्ने कारवाही कानूनको अक्षर र भावनालाई दुरुस्त रूपमा सम्पन्न गर्नुपर्दछ । मुद्दामा प्रतिवाद गर्ने अवसर न्यायको महत्वपूर्ण आत्माको रूपमा रहन्छ । एकतर्फी रूपमा सहजै प्रक्रिया अघि बढाई निर्णय गर्ने र कार्यान्वयन गर्ने हो भने न्यायको सही परीक्षण हुन पाउँदैन । त्यस्तो प्रक्रियाबाट न्यायको दुर्घटना नहोस् भनी न्यायकर्ताहरूले बहुतै होस पुऱ्याउनु पर्ने ।

मुख्यतः मुद्दामा फिराद परेपछि विपक्षीले प्रतिवाद गर्न पाउनु पर्ने र दुबैको दावी जिकीर एवं प्रमाण परीक्षण गरी न्याय निरोपण गर्ने स्वाभाविक प्रक्रिया हो । यो प्रक्रियामा कसैको हित वा अहितको विचार गर्ने कुरा आउँदैन । न्यायको स्वच्छतामा आँच आउँछ वा आउँदैन भन्ने नै मुख्य हेर्ने कुरा हो । यो अवस्थामा नै कुनै किसिमले प्रक्रियात्मक आवश्यकताको उपेक्षा गरियो भने न्याय इन्कार हुनसक्ने अवस्था आउँछ ।

त्यसको अतिरिक्त द्वन्द्वकालको विषम परिस्थितिमा न्यायमा पहुँचको अवस्था पभावित भएको एउटा वस्तुतथ्य हो । कसैले लेखिएको वतनमा बस्न नसकेको भन्छ र सो प्रमाणित गर्दछ भने त्यसमा संवेदनशील हुनै पर्दछ । लेखिएको वतनमा सम्बन्धित पक्ष बस्न नसकेको भनी प्रमाणित गर्दछ, कब्जा सम्पत्ति फिर्ता माग गरिरहेको अवस्था देखिन्छ

भने रीतपूर्वकको म्याद तामेल हुन नसकी न्यायमा पहुँच नपाएको कुरालाई पुष्टि नै गरेको भनी मान्नुपर्ने ।

प्रतिवादीहरूको नाउँको मिति २०६३।९।२० को तामेली म्याद रीतपूर्वकको नदेखिएकोले सोलाई मान्यता दिई सो आधारमा कारवाही अघि बढाई गरेको एकतर्फी फैसला तथा सो आधारमा भएको फैसला कार्यान्वयनको लिलाम दाखिल खारेज समेतका कामकारवाही कानूनसंगत् नभै त्रुटिपूर्ण देखिएकाले उत्प्रेषणको आदेशद्वारा बदर हुन्छ । अब रिट निवेदकहरूले उल्लेख गरेको वतनमा म्याद जारी गरी वा सार्वजनिक सूचना जारी गर्नेलगायतका कानूनी प्रक्रिया पूरा गरी म्याद तामेल गरी कानूनबमोजिम प्रतिउत्तर दिए लिई सबूद प्रमाण जो जे बुझ्नु पर्दछ बुझी कानूनबमोजिम निर्णय गरिदिनु भनी विपक्षी धनुषा जिल्ला अदालतसमेतको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६९ साल चैत १४ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-CI-०६४३, निषेधाज्ञा, *सोममाया तामाङ वि. सुरेन्द्र थोकरसमेत*

जुन जग्गा निवेदिकाले खरीद गरी घर बनाई बसेको भनी निवेदन दावी लिएको छ सो जग्गा निजको नाममा विधिवत् रूपमा दर्ता भएको भन्ने देखिँदैन । दर्ता कारवाही चलाएकोमा विपक्षीहरूले सो जग्गामा समूह गठन गरी मन्दिर बनाउँछौं भनी भनेको यस्तो नगर्नु भनी आग्रह गर्दासमेत जसरी पनि मन्दिर बनाउँछौं भनी ईट्टा ढुङ्गा, बालुवा झारे भनी निवेदिकाले दावी लिएको देखिन्छ । विपक्षीहरूतर्फको लिखित जवाफमा उक्त जग्गा कालीकादेवी मन्दिरको भएकोले मालपोत कार्यालयले दर्ता गरेको हो । सो ठाउँमा २०२७ सालमा मूर्ति राखी पूजापाठ गर्दै आएको सार्वजनिक जग्गा हो भन्ने कुरा उल्लेख भएको देखिँदा निषेधाज्ञाको आदेश जारी गरिपाऊँ भनी माग्ने पक्षसँग त्यसरी माग गरिएको विषयवस्तुका आधारमा निर्विवाद हक स्थापित भएको हुनु पर्दछ । यी पुनरावेदकले दावी लिएको जग्गामा निजको निर्विवाद हक स्थापित रहेको अवस्था देखिँदैन । सार्वजनिक जग्गामा घर बनाएर बस्दैमा त्यस्तो जग्गामा व्यक्तिगत हकको सिर्जना हुन नसक्ने ।

हकै स्थापित नभएको विषयका सम्बन्धमा परेको निषेधाज्ञाको निवेदनको तथ्यभित्र प्रवेश गरी निर्णय दिइरहन आवश्यकसमेत नहुने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

इति संवत् २०६९ साल पुस १२ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-CI-११९६, परमादेश, *श्याम सिंह पाण्डे वि. सेवनकुमारी देव*

आफ्नो हक हित सरोकार निहीत रहेको विषयसँग सम्बन्धित निर्णयको कागजातहरूको नक्कल माग गर्नु र सो प्राप्त गर्नु जोसुकैको पनि कानूनी अधिकार नै हो । विपक्षी बैंकले गरेको लिलामसँग रिट निवेदकको हक हित निहीत रहेको कुरामा विवाद देखिएको छैन । रिट निवेदकले माग गरेका कागजातहरूको नक्कल दिन नमिल्ने भन्ने पनि विपक्षी बैंकको तर्फबाट त्यस्तो कुनै जिकीर रहेको देखिँदैन । विपक्षी बैंक एउटा कानूनबमोजिम स्थापित संगठित संस्था भएको हुँदा उसले सदा कानूनबमोजिम नै आफ्ना क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने हुन्छ । आफूले प्रवाह गरेको ऋणको सुरक्षणबापतमा जेथा जमानी दिने प्रत्यर्थी रिट निवेदकको जग्गा विपक्षी बैंकले लिलाम गरेको स्थितिमा सो लिलामी कार्यको रिट निवेदक सरोकारवाला होइनन् भन्न नमिल्नुको साथै अन्य विशेष ऐनले छुट्टै व्यवस्था नगरेकोमा अ.बं. २११ नं. र कागज जाँचको १७ नं. को व्यवस्था विपक्षी बैंकको हकमा आकर्षित हुने ।

आफूले धितो दिएको जग्गाको लिलामसम्बन्धी कागजातहरूको नक्कल माग्न जाँदा विपक्षी बैंकले नक्कल दिन इन्कार गरेको भनी निवेदकले रिट दिएको र प्रत्यर्थी रिट निवेदक यी पुनरावेदक बैंकले लिलामी गरेको जग्गासँग सम्बन्धित

सरोकारवाला व्यक्ति देखिइरहेकै अवस्थामा निवेदन मागबमोजिमको नक्कल दिनु दिलाउनु भनी प्रत्यर्थीहरूका नाउँमा परमादेशको आदेश जारी हुने ।
इजलास अधिकृतः बाबुराम सुवेदी
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६९ साल पुस १२ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-CI-०१३६, निषेधाज्ञा, *मोहन यादव वि. गौरीगञ्ज गा.वि.स.को कार्यालय, झापासमेत*

विपक्षीहरूबाट हटाउन लागेको भनी निवेदकले दावी लिएको घर निजको निर्विवाद हक अधिकार रहेको जग्गामा बनेको भन्ने देखिँदैन । रिट निवेदन एवं विपक्षीहरूको लिखित जवाफ व्यहोराबाट निवेदकले निर्माण गरेको घर सार्वजनिक सरकारी जग्गामा निर्माण भएको भन्ने देखिन्छ । स्पष्ट र निर्विवाद हक नदेखिएसम्म निषेधाज्ञा जारी हुन सक्दैन । निवेदन दावीको घर हटाउन लागेको विपक्षीहरूको कार्य सम्बन्धमा हेर्दा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ७०(१)(च) "गाउँ विकास क्षेत्रभित्रका सार्वजनिक जग्गामा कसैले अनधिकृत रूपले घर, टहरा आदि निर्माण गरेमा वा सार्वजनिक मिची त्यस्तो निर्माण कार्य गरेमा गाउँ विकास समितिले त्यसरी निर्माण कार्य गर्ने व्यक्तिलाई पाँच हजार रूपैयाँसम्म जरीवाना गरी निर्माण गरेका घर, टहरा आदि भत्काउने आदेश दिन सक्नेछ । सो आदेश नमानेमा मानिस पठाई घर, टहरा आदि भत्काउन लगाउन सक्नेछ..." भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । जुन कानूनी व्यवस्थाअनुसार विपक्षी गा.वि.स. कार्यालयले प्रस्तुत विषयमा गर्न लागेको कार्य कानूनविपरीतको भन्ने नदेखिने ।

विपक्षीहरूले प्रस्तुत गरेको लिखित जवाफसाथ पेश भएको मिति २०६६।०६।२६।२ को फैसलाको प्रतिलिपिबाट यही विषयलाई लिएर यी पुनरावेदकले यसभन्दा पहिला पनि पुनरावेदन अदालत, इलाममा यिनै विपक्षीहरूका उपर निषेधाज्ञाको निवेदन दिएकोमा ऐलानी सार्वजनिक जग्गामा घर बनाई बसोबास गर्न पाउने गरी रिट क्षेत्रबाट हकाधिकार स्थापित गराउन नमिल्ने भन्ने आधारमा रिट निवेदन खारेज भएको देखिन्छ । सो फैसलाउपर रिट निवेदनको पुनरावेदन पर्न नसकी उक्त फैसला अन्तिम भई बसेको अवस्था देखिन्छ । प्राङन्याय (Res Judicata) को सिद्धान्तलेसमेत एकपटक अन्तिम फैसला भैसेकेको विवादमा उही पक्ष तथा विपक्षीहरूबीच उही विषयमा पुनः मुद्दा चल्नबाट रोक्दछ । मुलुकी ऐन, अ.बं. ८५ नं. मा भएको व्यवस्थामा "अड्डामा मुद्दा परी फैसला भएपछि सो फैसलाउपर ऐनबमोजिमको पुनरावेदन नभई सोही मुद्दामा उसै झगडियाको नाउँको फिरादपत्र लिई- सुन्न हुँदैन । लिएको भए पनि खारेज गरिदिनु पर्छ" भन्ने स्पष्ट कानूनी व्यवस्था रहेको देखिन्छ । यस कानूनी व्यवस्थासमेतबाट एकपटक न्याय निरोपण भैसकेको प्रस्तुत विवादमा कानूनबमोजिमको पुनरावेदन नभई यिनै पक्ष विपक्षका बीचमा उही अदालतसमक्ष पुनः निवेदन दायर हुन सक्ने अवस्था नहुने ।

निवेदकले निर्माण गरेको घर सार्वजनिक सरकारी जग्गामा निर्माण भएको भन्ने देखिँदा यस्तो विषयमा रिट दिन पाउने निवेदकले निर्विवाद हक अधिकार नै नदेखिएको तथा यी पुनरावेदकले एकपटक सोही विषयमा निषेधाज्ञाको निवेदन दिई निवेदन खारेज हुने फैसला भएकोमा सोउपर निजले पुनरावेदन नदिई उक्त फैसला अन्तिम भई बसेकोमा पुनः निषेधाज्ञाको निवेदन दायर गरेको अवस्थामा रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः बाबुराम सुवेदी
इति संवत् २०६९ साल पुस १२ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-CI-१५१२, निषेधाज्ञा, *योगेन्द्रबहादुर विष्ट वि. डुका जोशीसमेत*

विपक्षी डुका जोशीले द्वारको तला थप गर्ने अनुमतिको लागि दिएको निवेदनअनुसार ललितपुर उपमहानगरपालिकाले मिति २०६६।०९।२२ मा गरेको नक्सा पासको निर्णय आफ्नो हकमा असर पर्ने गरी भएको भनी सो निर्णय बदर गर्न यी पुनरावेदक निवेदकले यस अदालतमा उत्प्रेषणको रिट

निवेदनसमेत दिएकोमा निवेदन खारेज हुने ठहरी मिति २०६७।०३।२३ मा फैसला भैसकेको भन्ने कुरा मिसिल संलग्न रहेको उक्त फैसलाको प्रतिलिपिबाट देखिन्छ । साथै प्रत्यर्थीहरूबाट प्रस्तुत भएको लिखित जवाफमा ललितपुर उपमहानगरपालिकाको नक्सा पासको निर्णयबमोजिम प्रत्यर्थी डुका जोशीले तला थपी घर निर्माण गर्ने कार्य नै सम्पन्न गरी सकेको भन्ने कुरा उल्लेख भएको देखिन्छ । यसरी प्रत्यर्थीहरूले गर्न लागेको जुन निर्माण कार्यबाट यी निवेदकले आफ्नो घरलाई हानि पुग्ने आशङ्का रहे भएको हो सो निर्माण कार्य नै सम्पन्न भैसकेको भन्ने देखिई सम्भावित आशंङ्काको स्थितिसमेत समाप्त भैसकेको भन्ने देखिन्छ । यस्तो अवस्थामा पुनरावेदन अदालत पाटनबाट रिट निवेदन खारेज हुने गरी भएको निर्णय आदेशलाई अन्यथा भन्न नमिल्ने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

इति संवत् २०६९ साल पुस १२ गते रोज ५ शुभम् ।

- यसै लगाउको ०६७-CI-१५११, क्षतिपूर्ति दिलाई भराई पाऊँ, *योगेन्द्रबहादुर विष्ट वि. डुका जोशीसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६८-wo-०९४०, उत्प्रेषणयुक्त परमादेश, *यज्ञमूर्ति भण्डारी वि. सामान्य प्रशासन मन्त्रालयसमेत*

मिसिल संलग्न सरुवा संशोधनसम्वन्धी सामान्य प्रशासन मन्त्रालयको मिति २०६९।१।१७ को पत्र हेर्दा निवेदक यज्ञमूर्ति भण्डारीको संकेत नं. र पद संशोधन गरी साविकबमोजिम नै निजको पद ना.सु. विशेष (रा.प. अनं प्रथम प्र.) उल्लेख भैसकेको अवस्थामा निवेदन दावीवमोजिम थप आदेश जारी गरिरहनुपर्ने अवस्था देखिएन । निवेदन खारेज हुन्छ । रिट निवेदन नै खारेज भैसकेको अवस्थामा मिति २०६९।१।६ को अन्तरिम आदेश समेतको सान्दर्भिकता रहेको नदेखिँदा निष्प्रयोजन हुने ।

इजलास अधिकृतः बिष्णुप्रसाद उपाध्याय

इति संवत् २०७० साल बैशाख ३ गते रोज ६ मा शुभम् ।

८

**मा.न्या..श्री कल्याण श्रेष्ठ र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६५-CI-०३०५, मिलापत्र बदर, लगत वदर, दर्ता कायम, *महावीर मण्डल वि. मसोदी मण्डल अमात*

राजीनामा गरी लिएको आफ्नो हकको जग्गामा दा.खा. नगरेकै कारणबाट हक लोप हुन सक्दैन जतिसुकै अवधि व्यतीत् भए पनि कानूनबमोजिम नामसारी दाखिल खारेज गर्न सक्ने हुन्छ । आफ्नो हकको सम्पत्तिमा अन्यले आपसमा मुद्दा गरी मिलापत्र गरिँदैमा एकाको हक समाप्त भई अर्काकोमा जान सक्दैन । हक समाप्त हुन त्यस्तो हकवाला व्यक्तिले कानूनबमोजिम हस्तान्तरण गरी छोडेको हुनुपर्ने ।

२०३३ सालमा साविक कि.नं. १५८८ को ०-५-२ जग्गामध्येबाट राजीनामा लिखतबाट ०-३-८ जग्गा खरीद गरी लिएको वादीको सो जग्गासमेतलाई साविककै समुच्चै जग्गामा पारी मिलापत्र गर्दैमा सम्पूर्ण जग्गा हक कायम हुन सक्ने हुँदैन । जे जति कुरामा मात्र आफ्नो हक पुग्छ त्यतिसम्ममा मात्र हक कायम हुन सक्ने ।

२०३३ सालमा आफ्नो अंशियारले विक्री गरेको कुरामा कुनै उजूरवाजुर वा दावी नगरेको भएपछि र त्यस्तो लिखत सदर कायम रही अकाट्य भैरहेको लिखतको अस्तित्वलाई कुनै आधारबेगर समाप्त गर्न मिल्दैन । राजीनामा लिखतबमोजिम प्राप्त गरिसकेको जग्गा आफ्ना नाममा दाखिल खारेज गर्न जहिलेसुकै पनि सक्ने । दाखिल खारेज नभएको कारणबाट मात्र कानूनबमोजिम सिर्जित हक समाप्त हुन नसक्ने अवस्थामा उक्त लिखतलाई अनदेखा गरी साविक दाताकै परिवारमा फिर्ता ल्याउन वा कायम राखिराख्नु कानूनतः सकिने अवस्था नहुने ।

वादीले २०३३ सालमा राजीनामावाट खरीद गरी लिएको विवादित जग्गाको राजीनामा लिखत सदर कायम रहिरहेको यस्तो एकाको हक दर्ताभित्रको सम्पत्ति दाखिल खारेज नभएको कारणले मात्र हक समाप्त हुन नसक्ने र जग्गा पजनीको महलको २

क नं. ले जहिलेसुकै पनि दाखिल खारेज गराउन सक्ने कानूनी व्यवस्था भएको यस अवस्थामा यी पुनरावदेक समेतले २०४३ सालको मिलापत्रबाट प्राप्त गरेको भन्दैमा पहिले नै कानूनवमोजिमको प्राप्त एकाको हकलाई समाप्त गर्न कानूनतः नमिल्ने।

इजलास अधिकृतः श्रीप्रसाद संजेल

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६९ साल असोज ८ गते रोज २ शुभम्।

९

**मा. न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६५-CI-०३०६, घर जग्गा खिचोला घर भत्काई चलन, *रधुनाथ साह तुरहासमेत वि. कुन्तिदेवी कल्वारिनको मु.स. गरी आफ्ना हकमा समेत राधाकिसुन साह कलवारसमेत*

कि.न. ४८ को जग्गाको नक्सा मुचुल्काबाट न.न. ७,८,र ९ को जग्गा ०-०-१-७१/४ जग्गा रहेको र प्रतिवादीहरूको कि.नं.४८ र प्रत्यर्थी वादीको कि.नं. ४९ को जग्गाको साँध जोडिएर रहेको देखिन्छ। कि.नं.४८ को उत्तर दक्षिण सीमा रेखा जुन कि.न. ४९ सँग जोडिएकोतर्फ सीधा समानान्तर हुनु पर्नेमा सो साँधको उत्तर दक्षिण सीमारेखा सीधा समानान्तर देखिन्न। नक्सा मुचुल्कामा झगडा जनिएको भनिएको न.न. ७, ८ र ९ हेर्दा प्रतिवादीको कि.न. ४८ को जग्गा वादीको कि.नं.४९ तर्फ घुसी प्रतिवादीहरूको न.नं. ६ को घर रहेको देखियो। जसले गर्दा वादीको पश्चिमतर्फको सीमा प्रतिवादीहरूको कि.न. ४८ सँग जोडिएको तर नापीको नक्साबमोजिमको समानान्तर सीमा रेखा नदेखिई सो विपरीतको भै वादीको जग्गातर्फ प्रतिवादीको जग्गा घुसेको देखिई वादीको जग्गाको पूर्व आकृति नै परिवर्तन भएको देखियो। यसर्थ यी पुनरावेदकहरूले प्रत्यर्थी वादीको जग्गा आफ्नो जग्गामा घुसाई खिचोला गरेको नक्सा मुचुल्काबाट देखिँदा सो जग्गा वादीले चलन पाउने नै देखियो। अर्थात् नक्सामा झगडा जनिएको न.नं ७,८ र९ को जग्गा प्रत्यर्थी वादीको दर्ता स्रेस्ताभित्रको प्रतिवादीहरूले खिचोला गरी घर बनाएको उक्त न.नं. ७, ८ र ९ का जग्गा चलन चलाई लिनसक्ने भै वादी दावीबमोजिम खिचोलामा दावी पुगेपछि प्रतिवादीहरूबाट वादीले कोर्टफी समेत भराई लिन सक्ने नै देखिने।

पुनरावेदक प्रतिवादीहरूले वादीको कि.नं ४९ को जग्गा आफ्नो कि.न. ४८ मा घुसाई वादीको जग्गाको दर्ता स्रेस्ता र ट्रायलचेक अनुसारको क्षेत्रफल नक्सा मुचुल्काबाट नदेखिई न्यून भएको र यी दुई कित्ताबीचको सीमारेखासमेत पहिले सीधा समानान्तर रहेकोमा कि.नं.४८ का पुनरावेदक प्रतिवादीहरूले कि.नं.४९ को जग्गा आफ्नो जग्गामा घुसाई नापी नक्साको सीमरेखाविपरीत सीमा रेखाको आकृति नै परिवर्तन भए गरेको अदालतबाट भै आएको नक्साको न.न. ७, ८ र ९ बाट समेत पुष्टि भएको अवस्थामा कि.नं ४८ का प्रतिवादीहरूले खिचोला गरेको ठहर हुने।

इजलास अधिकृतः श्रीप्रसाद संजेल

कम्प्यूटरः विश्वराज पोखरेल

इति संवत् २०६९ साल असोज ९ गते रोज ३ शुभम्।

१०

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** ०६६-CI-१०१४, सञ्चालकको अख्तियारी, *डिटुहकाई सर्भिसेज प्रा.लि.को तर्फबाट अख्तियारप्राप्त ऐ का एक्जुकेटिभ अफिस डाइरेक्टर मोहना लोहनी वि. एएनके रियल स्टेट प्रा.लि. समेत*

कानूनबमोजिम संस्थापित कम्पनीको कार्य सञ्चालन तथा व्यवस्थापनमा कम्पनीकातर्फबाट मनोनीत, निर्वाचित वा कानूनले व्यवस्था गरेअनुरूपका सञ्चालकहरू क्रियाशील हुनुपर्ने हुन्छ। निजहरूले सम्पादन गर्नुपर्ने काम तथा निजहरूको काम, कर्तव्य र अधिकार कम्पनीको नियमावली, सञ्चालकहरू बीचको सर्वसम्मत सम्झौताले व्यवस्था गरेबमोजिम हुन्छ। ऐनले नै कम्पनीका सञ्चालकहरूको जवाफदेहिता तथा दायित्वको बारेमा व्यवस्था गरी निजहरूले गरेको काम र निर्वाह गरेको कर्तव्यको लेखाजोखा गरी त्यस्तो कामलाई वैधानिकतासँग जोडेर हेरिन्छ। कम्पनीका प्रत्येक सञ्चालकले आफ्नो पदीय दायित्व निर्वाह

गर्दा कम्पनीको स्वार्थ र हितलाई ध्यानमा राख्नु निजहरूको अहम् कर्तव्य हुन आउँछ । यस्तो व्यवस्था कम्पनी ऐन, २०६३ को दफा ९९(४) ले गरेको तथा उपदफा (५) मा सो व्यवस्थाको प्रतिकूल हुने गरी कम्पनीका कुनै सञ्चालकले कम्पनीको बद नियत चिताई कम्पनीलाई हानि नोक्सानी पुऱ्याउने कार्य गर्न नहुने गरी जिम्मेवारीसमेत तोकेको पाइन्छ । यसै गरी कम्पनी ऐन, २०६३ को दफा १०३ ले अन्य व्यक्तिसँगको कारोवार र कम्पनीको अधिकारक्षेत्रको व्यवस्था गर्दै कम्पनीको प्रवन्धपत्रमा निर्धारित अधिकारक्षेत्रको सीमाभित्र रही त्यस्तो कारोवार गर्नु सञ्चालकको कर्तव्य हुने तथा उपदफा ३ मा कुनै सञ्चालकले आफूलाई प्राप्त अख्तियारीभन्दा बाहिर गै गरेको काम कारोवार कम्पनीको साधारणसभाद्वारा विशेष प्रस्ताव पारित गरी अनुमोदन गर्न सकिने भन्ने कार्यविधिसमेत तय गरेको देखिन्छ भने दफा १०४ ले कम्पनीको अधिकारप्राप्त कम्तीमा एकजना संञ्चालक वा कम्पनीको लागि काम गर्न अख्तियारी प्राप्त व्यक्तिद्वारा भए गरेको कामकारवाही र सही भएको कागजात कम्पनीको लागि मान्य बन्धनकारी हुने ।

कम्पनीको अख्तियारी बिना अख्तियारी नघाई कार्य गरेका राजेन्द्रकुमार के.सी.र यी निवेदक कम्पनीबीच सम्पन्न करारको विषयवस्तु सम्बन्धमा ए.एन के रियल स्टेट र एस्युरेन्स यूनीटी लाइफ इन्सुरेन्स लिमिटेडका वीचमा मिति २०६५।७।२६ मा अर्को सम्झौता सम्पन्न भै कार्यान्वयन समेत भैसकेको अवस्थामा यी पुनरावदेक डिटुहकाई सर्भिसेज प्रा.लि.ले उक्त करार यथावत रूपमा कायम गराईपाऊँ भन्ने पुनरावेदन जिकीर तर्कसँगत् नदेखिने ।

आफूलाई सरोकारवालाको हैसियत प्राप्त भएको भन्दै प्रत्यर्थीहरूउपर कम्पनी ऐन, २०६३ को दफा १६०(छ)(ठ) को कसूरमा दफा १६० बमोजिम सजायको माग दावी लिई निवेदक पुनरावेदक कम्पनीले उजूरी दिएको देखियो । जुन सम्झौताबाट आफू करारको पक्ष कायम भएको हो सो करारमा अख्तियारप्राप्त गरी प्रतिनिधित्व गरेको भन्ने प्रतिनिधिको अख्तियारी नै कम्पनीको सञ्चालक समितिबाट अस्वीकृत भै करार शून्य भएको स्थितिमा तथा करार गर्नेमध्येको अर्को पक्षले अघिल्लो करारमा उल्लिखित विषयवस्तुलाई नै शर्त राखी अर्को पक्षसँग करार सम्पन्न गरी नयाँ करार निर्माण भै पुरानो करार समेत शून्य भैरहेको यस्तो अवस्थामा उक्त करारको पक्षका रूपमा यी पुनरावेदकलाई कायम मान्न र निजलाई सरोकारवाला मानी उजूरी गर्ने हक छ भनी अर्थ गर्न नमिल्ने ।

अख्तियारी प्राप्त नभएको व्यक्तिबाट भएको करार स्वतः शून्य भै विपक्षी ए एनके कम्पनीलाई मान्न बन्धनकारी नभएको तथा यी निवेदक डिटुहकाई सर्भिसेज प्रा.लि. लाई कम्पनी ऐन, २०६३ को दफा १५९(१) बमोजिम उजूर गर्ने हकदैया समेत नभएको अवस्थासमेत विद्यमान देखिँदा हकदैया नै नभएको भन्ने आधार लिई उजूरी पत्र नै खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम
कम्प्युटर गर्नेः विश्वराज पोखरेल.

इति संवत् २०६९ साल भदौ २० गते रोज ४ शुभम् ।

- यसै लगाउको ०६६-CI-१०८२, करारको परिपालना, *डिटुहकाई सर्भिसेज प्रा.लि.को तर्फबाट अख्तियारप्राप्त ऐ.का एक्जुकेटिभ अफिस डाइरेक्टर मोहना लोहनी वि. एएनके रियल स्टेट प्रा.लि. समेत भएको मुद्दामा* यसैअनुरूप फैसला भएको छ ।

११

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६५-CI-०७०६, ०७०७, अंशचलन, *मचाकाजी महर्जन वि.राजु महर्जनसमेत, मु.स. गर्ने मचाकाजी महर्जन वि. राजु महर्जनसमेत*

प्रतिवादी मचाकाजी महर्जन र प्रत्यर्थी वादी राजु महर्जनको राष्ट्रिय विधिविज्ञान प्रयोगशालामा डी.एन.ए. परीक्षण हुँदासमेत विवादित राजु महर्जनको जैविक बाबु मचाकाजी महर्जन हुने सम्भावना ९९.९९८७७ प्रतिशत रहेको भनी परीक्षण प्रतिवेदन प्राप्त भएको देखिन्छ । सो परीक्षणलाई परीक्षण गर्ने विशेषज्ञ दिनेशकुमार झा यस अदालतमा उपस्थित भई सोही कुरालाई समर्थन

गर्दै बकपत्र गरेको देखिन्छ । यो डि.एन.ए.परीक्षण विधि माता पिता वा तिनका सन्तानको जैविक नाता सम्बन्ध यकीन गर्ने हालसम्मको सबैभन्दा उत्कृष्ट र भरपर्दो पद्धतिको रूपमा विकास भएको सर्वमान्य रूपको डी.एन.ए. परीक्षण विधि रहेको र यस विधिबाट परीक्षण हुँदासमेत शतप्रतिशत जैविक बाबु हो भन्ने प्रमाणित भएकोले पुनरावेदक प्रतिवादीको जिकीरमा कुनै सत्यता र कानूनी आधार रहेको नदेखिने ।

प्रतिवादी मचाकाजी महर्जनको श्रीमती लक्ष्मी प्रजापतीबीच वैवाहिक सम्बन्ध कायम रहेकोमा कुनै विवाद नभएको र सो समयमा निजहरूबाट राजु महर्जनको जायजन्म भएको मिसिलबाट देखिन आउँछ । पुनरावेदक प्रतिवादी मचाकाजी महर्जनले मेरो छोरा होइन र ममा सन्तान उत्पादन गर्ने क्षमतासमेत नभएको भनी जिकीर लिए पनि निजको स्वास्थ्य परीक्षण गर्ने विशेषज्ञ डा अर्जुनदेव भट्ट र डी.एन.ए. परीक्षण गर्ने विशेषज्ञ दिनेशकुमार झा समेतको परीक्षणबाट निज प्रतिवादीमा सन्तान उत्पादन गर्ने क्षमतामा ह्रास नदेखिएको र पुनरावेदक प्रतिवादी मचाकाजी महर्जन विपक्षी वादी राजु महर्जनको जैविक बाबु भएको शतप्रतिशत प्रमाणित भएकाले यस निजको पुनरावेदन जिकीरमा कुनै कानूनी सत्य तथ्य स्थापित हुन नसक्ने ।

इजलास अधिकृत : श्रीप्रसाद सञ्जेल
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६९ साल असोज ८ गते रोज २ शुभम् ।

१२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कमलनारायण दास,** ०६७-WO-०७५०, उत्प्रेषणयुक्त परमादेश, *लालसिं महर्जनसमेत (डंगोल) वि. मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौंसमेत*

२०२२ सालको सर्भे नापीमा पर्ति जनिई नापी भएको र २०४४ सालमा सरकारका नाममा दर्ता भै फिल्डबुक तथा स्रेस्तामा जनिएको सरकारी जग्गालाई २०२६ सालमा पिता गणेशलाल महर्जनले छूट जग्गा नापी दर्तामा कारवाही चलाएको भए पनि सो छूट जग्गा दर्ताको कारवाहीमा आफ्नो निर्विवाद हक वा स्रोत देखाई प्रमाणित गराई आफ्नो जीवनकालमा दर्ता गराई लिन सकेको देखिन्न । यस अवस्थामा दशकौं वर्षपछि आएर विलम्ब गरी निरन्तरताको लागि मिति २०६७।३।३० मा यी निवेदकले दिएको निवेदनलाई मालपोत कार्यालयबाट विवादित जग्गा फिल्डबुक तथा स्रेस्तामा पर्ति जनिई नेपाल सरकारको नाममा दर्ता भैसकेको जग्गा व्यक्ति विशेषको नाममा दर्ता गर्न नमिल्ने भनी मिति २०६७।९।७ मा तामेलीमा राख्ने गरेको निर्णयमा कुनै कानूनी त्रुटिको विद्यमानता देखिएन । सो तामेलीमा राख्ने गरेको निर्णयउपर पुनरावेदकको मार्ग प्रशस्त हुँदाहुँदै असाधारण अधिकारक्षेत्र ग्रहण गरी आएको प्रस्तुत रिट निवेदनमा निवेदकको मागबमोजिमको आदेश जारी गरिरहनु परेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६९ साल बैशाख २२ गते रोज ६ शुभम् ।

१३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कमलनारायण दास,** २०६८-RC-००६३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. बुधन मुसहर*

प्रतिवादी बुधन मुसहरले जोखिमी धारिलो हतियार खुकुरी प्रहार गरी मार्नामा देवनारायण मुसहरलाई संयोग पारिदिना निमित्त मर्ने मृतक शिवनारायण मुसहरलाई समाती दिएको भन्ने प्रत्यक्षदर्शी जाहेरवालीको किटानी जाहेरी र बकपत्रसमेतका मिसिल संलग्न कागजातबाट पुष्टि भएको स्थितिमा प्रतिवादीले आफूले अभियोग दावीको कसूर अपराध गरेको होइन भनी सजायबाट रिहाई पाउने जिकीर गरे पनि सीर्फ इन्कारी कथनबाहेक तथ्ययुक्त सबूद प्रमाण गुजार्न सकेको छैन । निज प्रतिवादीले अभियोग दावीलाई खण्डित गरी सजायबाट रिहाई पाउने प्रमाण पुऱ्याउन नसकेको स्थितिमा चश्मदीद् जाहेरवालीको जाहेरी र बकपत्र तथा मृतकउपरको चोटसमेतका मिसिल संलग्न प्रमाण परिवन्धबाट अभियोग दावीको कसूर

गरेको पुष्टि भैरहेको अवस्था हुँदा प्रतिवादी बुधन मुसहरलाई ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम कसूर अपराध गरेकोमा सोही नं. बमोजिम जन्मकैद हुने ।
इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६९ साल बैशाख २२ गते रोज ६ शुभम् ।

१४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कमलनारायण दास,** २०६८-RC-००६५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. वीरेन्द्र रानासमेत*

प्रतिवादीहरू वीरेन्द्र राना र मंगल रानाले मृतकको घरमा पहिले आगो लगाई दिएको विषयमा कुरा गर्न रामबहादुर रानाको घरमा गएको मौकामा प्रतिवादीहरू हिरादेवी राना र प्रकाशबहादुर रानासहितका निज प्रतिवादीहरूले मीनबहादुर भण्डारीको ज्यान लिने मनसायले हँसिया, खुकुरी, बञ्चरो, जस्ता जोखिमी हतियार प्रहार गरी कर्तव्य गरी मारेको भन्नेमा जाहेरवालाको किटानी जाहेरी र अदालतमा गरेको बकपत्र, घटनास्थल विवरण मुचुल्का, शव परीक्षण प्रतिवेदन तथा मौकामा कागज गर्ने कृष्णबहादुर थापासमेतको भनाईसमेतका तथ्यगत मिसिल संलग्न कागज प्रमाणबाट पुष्टि भएको अवस्था छ । यस अवस्थाका अलवा निज प्रतिवादीहरूले आफूहरूउपर लागेको कसूर अपराध नगरेको भए ऐन मौकामा वारदात घटाई सोही बखत फरार भैरहेको र यी प्रतिवादीहरू बाहेक मृतकलाई अरूले मार्नुपर्नेसम्मको कारणसमेत केही नदेखिएको वारदात घटनाको तथ्य र प्रमाण परिवन्धसमेतको आधार प्रमाणबाट यिनै प्रतिवादीहरूबाट कर्तव्य गरी मीनबहादुर भण्डारीको हत्या गरेको पुष्टि भएको हुँदा निज प्रतिवादीहरूलाई अभियोग दावीबमोजिम ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ।
इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६९ साल बैशाख २२ गते रोज ६ शुभम् ।

## इजलास नं. ४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** रिट नं. ०६८-WO-०१०३, उत्प्रेषण, परमादेश, *लालबहादुर नेपालीसमेत वि. ललितपुर उपमहानगरपालिका समेत*

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६ ले नगरपालिकालाई सार्वजनिक जग्गाको संरक्षण गर्ने अधिकार प्रदान गरेको भए पनि तेरो मेरोसम्बन्धी विवादमा पक्ष विपक्षहरूको सबूद प्रमाण बुझी न्यायिक निर्णय गर्नुपर्ने जस्तो विषयमा नगरपालिकालाई निर्णय गर्ने अधिकार प्रदान गरेको देखिँदैन । त्यस्तै उक्त ऐनले नगरपालिकालाई कुनै अमुक जग्गा सार्वजनिक हो वा होइन भन्ने कुराको निर्णय गर्ने अधिकार पनि प्रदान गरेको देखिन्न । यद्यपि तेरो मेरोसम्बन्धी विवाद परी सबूद प्रमाण बुझी निर्णय गर्नुपर्ने विषय अदालतको क्षेत्राधिकारभित्र मात्र पर्ने विषय हो । प्रस्तुत रिट निवेदनमा निवेदकले दावी लिएको विषयवस्तुका सम्बन्धमा तेरो मेरोसम्बन्धी विवाद रही सबूद प्रमाण बुझी न्यायिक निरोपण निर्णय गर्नुपर्ने विषयवस्तु देखिएकोले आफूलाई अधिकार नै नभएको विषयमा अधिकारक्षेत्र ग्रहण गरी रिट निवेदकको हकभोगभित्रको जग्गामध्येबाट आंशिक जग्गा सार्वजनिक भनी छुट्टयाउने विपक्षी ललितपुर उ.म.न.पा.को २०६८।२।२५ को निर्णय क्षेत्राधिकारको अभावमा त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशले बदर हुने ।
इजलास अधिकृतः विश्वनाथ भट्टराई
कम्प्युटरः भाष्कर पंगेनी
इति संवत् २०७० बैशाख १२ गते रोज ५ शुभम् ।

## इजलास नं. ५

१

**मा..न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६६-CR-०३९८, बहुविवाह, *नेपाल सरकार वि. यज्ञनिधि कोइराला*

प्रतिवादीले सन्तान नभएको कारणबाट दोस्रो विवाह गरेको भनी जिकीर लिएको अवस्था हुँदा सन्तान नभएको अवस्थामा दोस्रो विवाह गर्न पाउने, नपाउने भन्नेसम्बन्धमा मुलुकी ऐन, विहावारीको ९ नं. मा भएको व्यवस्था हेर्दा, "स्वास्नीको कारणबाट सन्तान नभएको भन्ने नेपाल सरकारबाट मान्यताप्राप्त मेडिकल बोर्डास्बाट प्रमाणित भएमा" कुनै लोग्ने मानिसले आफ्नो स्वास्नी जीवित छँदै वा कानूनबमोजिम लोग्नेस्वास्नीको सम्बन्ध विच्छेद् नहुँदै अर्की स्वास्नी मानिससँग विवाह गर्न पाउने देखिन्छ । उल्लिखित कानूनी व्यवस्थाबाट खाली बच्चा नजन्मिएको कारणबाट मात्र विवाह गर्न पाउने अवस्था नभई श्रीमतीबाट बच्चा हुन नसक्ने भनी नेपाल सरकारबाट मान्यता प्राप्त मेडिकल बोर्डबाट प्रमाणित हुनुपर्ने देखिन्छ । प्रतिवादीले डाक्टरबाट चेक गराउँदा श्रीमतीले बच्चा जन्माउन नसक्ने भएको भन्ने आधार लिए तापनि कानूनबमोजिम मेडिकल बोर्डबाट परीक्षण गराएको अवस्था नभएकोले जाहेरवाली सविता पोखरेल (कोइराला) बाट सन्तान जायजन्म हुनसक्ने नसक्ने भन्ने सम्बन्धमा विवाद भई मेडिकल बोर्डबाट परीक्षण गराउनु पर्ने अवस्था देखिएको र प्रतिवादीलेसमेत कानूनबमोजिम मेडिकल बोर्डबाट परीक्षण गराई पाऊँ भनी माग गरेको देखिन्छ । पुनरावेदन अदालत, दिपायलले पनि सो कुरालाई स्वीकार गरी सन्तान हुन सक्ने नसक्ने सम्बन्धमा सबूद प्रमाण बुझी यकीन गर्नुपर्ने कुरा दर्साई फैसला गरेको अवस्था देखिँदा प्रतिवादीको श्रीमती सविताको कारणबाट सन्तान नभएको हो होइन भनी सबूद प्रमाण बुझी निर्णय गर्नुपर्ने ।

आवश्यक सबूद बुझी निर्णय गर्नेसम्बन्धमा न्याय प्रशासन ऐन, २०४८ को दफा १४(ग) मा भएको व्यवस्था हेर्दा मुद्दामा इन्साफ गर्नुपर्ने प्रश्नहरूसँग सम्बद्ध प्रमाणहरू तल्लो अदालत वा निकायले बुझ्न छुटाएको रहेछ भने आफैंले बुझ्नसक्ने देखिन्छ । जाहेरवाली सविताबाट सन्तान हुने नहुने भन्नेसम्बन्धमा आवश्यक प्रमाण बुझी निर्णय गर्नुपर्ने देखिएको अवस्थामा विवादित तथ्यको सम्बन्धमा पुनरावेदन अदालत स्वयंले आवश्यक सबूद प्रमाण बुझी यकीन गर्नसक्ने नै हुँदा कैलाली जिल्ला अदालतमा पठाएको नमिलेको हुँदा सो प्रमाण बुझी निर्णय गर्नु भनी मिसिल पुनरावेदन अदालत, दिपायलमा पठाई दिनुपर्ने ।

इजलास अधिकृतः हरिश्चन्द्र इङनाम
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०७० साल बैशाख १९ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६४-CI-०७९०, मिलापत्रबमोजिमको जग्गा दा.खा.दर्ता गरिपाऊँ, *साहेब राय यादव वि.त्रिभुवन राय यादव*

प्रतिवादीको धर्ममाता उमठीले पुनरावेदक वादीबाट ऋण लिई निजको निधनपश्चात् सो रकम तिर्नुपर्ने दायित्व प्रतिवादीको भएको कुरामा प्रतिवादीले स्वीकार गरी करारनामाको लिखत भई सो करारनामाको लिखतको आधारमा वादी प्रतिवादीबीच लेनदेन मुद्दा मिलापत्र भएको अवस्था देखिँदा वादीको सो रकम प्रतिवादीले वादीलाई तिर्न बुझाउन बाँकी नै रहेको अवस्थामा सो ऋण रकमबापत करारनामा तथा अदालतमा भएको मिलापत्रबमोजिम वादीको जग्गा दा.खा. दर्ता गरिपाऊँ भन्ने हक छैन भन्न नमिल्ने ।

हकदैया भनेको कुनै पनि विवादको न्यायिक निरूपणको लागि अदालतमा प्रवेश गर्ने गराउने आधार हो । देवानी मुद्दामा जसको जुन कुरामा हक पुग्छ उसले सो कुरामा नालिस गर्न पाउने हकदैयाको आधार हो । कुनै पनि कुरामा हक पुग्छ पुग्दैरन भन्ने कुराको निर्धारण विवादित कार्यबाट कुनै पनि व्यक्तिलाई के कति असर पुगेको छ भनी हेर्नुपर्ने ।

सम्पत्तिसम्बन्धी विवादमा त्यो सम्पत्तिसँग परोक्ष वा प्रत्यक्ष जुनसुकै रूपमा गाँसिएको स्वार्थ वा हित हक वा अधिकारकै अर्को रूप हो । प्रस्तुत विवादमा मिलापत्रमा करारको व्यहोरासमेत उल्लेख भएको छ । यस अवस्थामा पारित गराउन आवश्यक

नभएको करारबाट सिर्जित हक के कस्तो हुने भन्ने कुरा बेग्लै कानूनी प्रश्न हो । तर, करारबाट हकदैया सिर्जना नै नहुने आसयका साथ फिराद नै गर्न मिल्दैन भनी हकदैयालाई साह्रै सानो घेरामा राख्न मिल्दैन । दावीकर्ताका कुनै पनि किसिमका स्वार्थ गाँसिएका विषय निजको हकको दायरामा नै पर्दछ । हकको दायराको विषय हकदैयाको परिधिमा पर्दछ । प्रस्तुत फिराद कानूनसम्मत् छ, छैन त्यसबाट निजले दावी लिएको कुरा दिन अर्थात् जग्गा नै दिन मिल्छ मिल्दैन वा लेनदेनको साँवाब्याजसहितको थैलीसम्म दिन दिलाउन कानूनन् मिल्छ मिल्दैन बेग्लै कुरा हो तर हकदैया छैन भनी फिराद नै खारेज गर्नु अ.बं. ८२ प्रतिकूल हुने ।

आफूलाई परेको असरमा सो कुरामा जसको हक पुग्छ उसलाई अ.बं. ८२ नं. बमोजिम अदालत प्रवेश गर्ने अधिकार हुने नै हुँदा प्रस्तुत मुद्दामा करारनामा तथा लेनदेन मुद्दामा भएको मिलापत्रअनुसारको कार्य नभएको अवस्थामा सोको असर वादीलाई पर्ने भएको हुँदा वादीले दिएको ऋणबापत करारनामा तथा मिलापत्रबमोजिम अदालत आउने हक कानूनले प्रदान गरेको नै देखिँदा वादीको दावीबमोजिम मिलापत्रबमोजिमको जग्गा दा.खा. दर्ता हुने नहुने सम्बन्धमा निर्णय गर्नुपर्नेमा हकदैयाको आधारमा वादी दावी खारेज हुने गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६४।३।१८ मा भएको फैसला त्रुटिपूर्ण देखिँदा बदर गरी दिएको छ । अब वादी दावीको सम्बन्धमा जो जे बुझ्नुपर्छ बुझी त्यही अदालतबाट कानूनबमोजिम निर्णय गर्नु भनी तारिखमा उपस्थित पक्षहरूलाई पुनरावेदन अदालत, हेटौंडाको तारिख तोकी पठाई दिनुपर्ने ।

इजलास अधिकृतः हरिश्चन्द्र इङनाम

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७० साल बैशाख १७ गते रोज ३ शुभम् ।

- यसै लगाउको ०६४-CI-०७८९, फैसला बदर, *साहेब राय यादव वि.त्रिभुवन राय यादवसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. ७

१

**मा.न्या. श्री तर्कराज भट्ट र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६९-WH-००७०, वन्दीप्रत्यक्षीकरण, *भरतकुमार उप्रेतीको हकमा अभिषेक उप्रेती वि. जिल्ला प्रशासन कार्यालय, चन्द्रगढी, झापासमेत*

कानूनले निश्चित् गरेबमोजिमको कार्यविधि अवलम्बन गरी यी निवेदकलाई पक्राउ गर्नुपर्ने कारणसहितको पक्राउ पूर्जी दिई पक्राउ गरेपश्चात् मुलुकी ऐन, अदालती बन्दोवस्तको महलको १२१ नं. बमोजिम निजलाई लागेको अभियोगको व्यहोरा उल्लेख गरी हिरासतमा राख्नुपर्ने कारण समेत खुलाई थुनुवा पूर्जी दिएको देखिएको र पक्राउ परेको २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष पेश गरी सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १५(२) नं. अनुसार अदालतको आदेशबाट निवेदकलाई ठगी मुद्दाको अनुसन्धानको सिलसिलामा थुनामा राखेको देखिन आयो । बिना पूर्जी थुनामा राखेको भन्ने निवेदन कथन मनासिब देखिएन । यस्तो अवस्थामा निवेदकको थुनालाई गैरकानूनी थुना भन्न मिलेन । अतः निवेदन मागअनुसार आदेश जारी हुने अवस्था नदेखिने ।

इजलास अधिकृतः ऋषिराम आचार्य

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल वैशाख १७ गते रोज ३ शुभम् ।

२

**मा.न्या. श्री तर्कराज भट्ट र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-WH-००७३, वन्दीप्रत्यक्षीकरण, *कुमार थापाको हकमा रूपा कार्की थापा वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत*

वन्दीप्रत्यक्षीकरणको रिट जारी हुन निवेदकको प्रत्यक्षतः संवैधानिक एवं कानूनी हक हनन् भएको देखिनु पर्छ । तर निवेदक स्वयंले जिल्ला प्रशासन कार्यालय, काठमाडौंले केही सार्वजनिक अपराध मुद्दामा पुर्पक्षको सिलसिलामा मागेको धरौट रू.२८,०००।- दिन नसकेको कारणबाट थुनामा रहन परेको भन्ने कुरा निवेदनमा उल्लेख

गरेको र यस सम्बन्धमा रहेको कानूनी व्यवस्था हेर्दा मुलुकी ऐन, अदालती बन्दोवस्तको महलको ११८ नं. को देहाय ८ नं. मा अड्डाले मागेको धरौट वा जमानत नदिने अभियुक्तलाई अड्डाले थुनामा राखी मुद्दाको कारवाही गर्नेछ भन्ने व्यवस्था रहेको देखिएबाट रिट निवेदकलाई कानूनअनुरूप नै थुनामा राखेको देखिन आयो । निवेदकको त्यस्तो कुनै हक हनन् भएको नदेखिने ।

विधिसम्मत् प्रक्रिया पुऱ्याई अधिकारप्राप्त निकायमा रीतपूर्वकको अभियोगपत्र दायर भै मुद्दा हेर्ने अधिकारीले थुनछेकको आदेश गर्दा माग भएको धरौट रकम तिर्न बुझाउन नसकी थुनामा रहेको देखिन आएकोले निवेदकको थुना गैरकानूनी भन्न नमिल्ने हुँदा निवेदन मागअनुसार बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने अवस्थाको विद्यमानता नदेखिने ।

इजलास अधिकृतः ऋषिराम आचार्य

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल वैशाख १७ गते रोज ३ शुभम् ।

३

**मा.न्या. श्री तर्कराज भट्ट र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-CI-११३७, अंश चलन, *छलराम पौड्याल वि. सावित्रीदेवी शर्मा (पौड्याल) समेत*

प्रतिवादी सावित्रीदेवीले आफ्नो नाममा रहेको जग्गा आफ्ना यी तीनै छोराहरूलाई नरमकरम मिलाई करीबकरीब बराबर क्षेत्रफल पुग्ने गरी बकसपत्र गरिदिएका जग्गामा यी वादी प्रतिवादी छोराहरूले आ-आफ्नो श्रम साधनबाट घर निर्माण गरी बसोबास गरी आएका र आमा सावित्रीदेवीले बकसपत्रको माध्यमबाट जग्गाको हक हस्तान्तरण गरिदिएको सम्बन्धमा यी वादी प्रतिवादी कसैले पनि उजूर नालिस गरेको अवस्थासमेत नदेखिएकाले हाल आएर अंशवण्डा गरिपाऊँ भन्ने वादीको दावी न्यायोचित् देखिन आएन । यसैगरी प्रतिवादी सावित्रीदेवीले वादीलाई दिई बाँकी रहेको जग्गामा निजको मञ्जूरीले प्रतिवादी श्यामप्रसाद पौडयालले घर निर्माण गर्न सञ्चयकोषबाट ऋण सापटी लिएको देखिएको र सो जग्गामा सो जग्गाकी जग्गाधनी यी वादी प्रतिवादीकी आमा सावित्रीदेवीको पूर्वसहमतिको आधारमा प्रतिवादी श्यामप्रसाद पौडयालले घर निर्माण गरेको देखिएको अवस्थामा सोसमेत सबै अंशियारमा वण्डा हुनु पर्दछ भन्ने वादीको दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटरः मन्दिरा रानाभाट

इति सम्वत् २०७० साल वैशाख २५ गते रोज ४ शुभम् ।

४

**मा.न्या. श्री तर्कराज भट्ट र मा.न्या.श्री ज्ञानेन्द्र बहादुर कार्की,** ०६८-CI-००६७, अंश चलन, *रामलखन साह वि. लखिचन साहूसमेत*

सगोलमा रहेको अवस्थामा आर्जन भएको सम्पत्ति स्वआर्जनको सम्पत्ति कायम हुन वस्तुनिष्ठ प्रमाणबाट उक्त सम्पत्ति स्वआर्जन गरेको हो भन्ने देखिनु पर्छ । प्रस्तुत मुद्दामा विवादित कि.नं. ६१ र १३८ का जग्गाहरू यी प्रतिवादीको स्वआर्जनको सम्पत्ति भन्ने कुरा पुष्टि हुन नआएको अवस्थामा प्रमाण ऐन, २०३१ को दफा ६(क) बमोजिम एकाघरसँगका अंशियारमध्ये जुनसुकै अंशियारको नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति भनी मान्नुपर्ने हुँदा उक्त कि.नं. ६१ र १३८ का जग्गाहरू सगोलको सम्पत्ति देखिन आयो । यस स्थितिमा उक्त जग्गा समेतबाट वादीले अंश पाउनु पर्ने देखिँदा उपर्युक्त कित्ता नम्बरका जग्गाहरूमा समेत ५ भागको ३ भाग अंश पुनरावेदक वादीहरूले पाउने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

इति संवत् २०७० साल वैशाख २५ गते रोज ४ शुभम् ।

५

**मा.न्या. श्री तर्कराज भट्ट र मा.न्या.श्री ज्ञानेन्द्र बहादुर कार्की,** ०६७-CI-१५६१, अंश, *दिलबहादुर लुहार वि. बजिरे सुनार*

वादी दिलबहादुर लुहारका छोरा मोहन लुहारले प्रतिवादी बजिरे सुनारबाट मिति २०६४।१।१४ मा मालपोत कार्यालय, कञ्चनपुरबाट राजीनामा पारित गरी जग्गा लिएको देखिन्छ । बाबुको समेत अंश हक लाग्ने जग्गा भए प्रतिवादीले मेरो एकलौटी हकभोगको भनी वादीका एकाघरका छोरालाई बिक्री गर्नुपर्ने अवस्था पर्दैन । बाबुले अंशबापत प्राप्त गरिसकेपछि आफूले पुनः अंशवापत सोही जग्गा

पाउन सक्ने हैसियत भएका मोहन लुहारले प्रतिवादी बजिरे सुनारसँग जग्गा खरीद गरेको तथ्यले समेत बिक्री व्यवहार प्रमाणबाट सो जग्गामा वादीको अंश हक रहेको देखिन नआएकाले वादीले अंश पाऊँ भनी दावी गरेको सम्पत्ति प्रतिवादी बजिरे सुनारको स्वआर्जनको देखिन आएबाट वादीलाई अंश लगाउनु पर्ने सम्पत्ति हो भन्न नमिल्ने ।

इजलास अधिकृत :- श्रीप्रकाश उप्रेती

कम्प्युटर :- मन्दिरा रानाभाट

इति संवत् २०७० साल वैशाख २५ गते रोज ४ शुभम् ।

## एकल इजलास

**मा.न्या.श्री सुशीला कार्की,** ०६९-WH-००६७, बन्दीप्रत्यक्षीकरण, *आपे भन्ने पेन्टु वि.केन्द्रीय अनुसन्धान ब्यूरो (सि.आई.वि.), नेपाल प्रहरी प्रशिक्षण प्रतिष्ठान परिसर महाराजगञ्ज, काठमाडौंसमेत*

निवेदकले आफ्नो निवेदन व्यहोरामा आफूलाई Pantholops hodgsoni भन्ने जन्तुको रौं (चिरुको रौं) को अवैध कारोबारमा संलग्न रहेको भन्ने आधारमा प्रहरीले पक्राउ गरी प्रहरी हिरासत हुँदै जिल्ला वन कार्यालय धादिङको आदेशले कारागार कार्यालय, धादिङमा मुद्दा पुर्पक्षका निमित्त थुनामा राखिएको भन्ने व्यहोरा उल्लेख गरेको देखिन्छ । उपरोक्त तथ्यबाट निवेदकउपर साधिकार निकाय जिल्ला वन कार्यालय, धादिङमा चिरुको रौंको अवैध कारोबार सम्बन्धमा मुद्दा चली उक्त मुद्दामा भएको थुनछेक आदेशबमोजिम मुद्दा पुर्पक्षको लागि थुनामा रहेको भन्ने देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६९ साल चैत १२ गते रोज २ शुभम् ।

## रायबाझी आदेश

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री सुशीला कार्की,** ०६९-WO-०८७६, उत्प्रेषण, *रजनी चन्दसमेत वि. काठमाडौं महानगरपालिका कार्यालयसमेत*

**मा.न्या.श्री रामकुमारप्रसाद शाहको रायः**

यसमा विपक्षी छायाँदेवी क्रसेन्ट प्रा.लि. लाई उक्त प्रा.लि.को हक दावीको कि.नं. १०८ र २०५ समेतको जग्गामा संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४ को कानूनी व्यवस्थाबमोजिम काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिबाट मिति २०६७।७।१३ मा संयुक्त आवास निर्माणसम्बन्धी Planning Permit दिने निर्णय भई सो समितिबाट २०६७।८।२७ मा पत्राचार भएको देखियो । तत्पश्चात् शहरी विकास तथा भवन निर्माण विभागअन्तर्गतको डिभिजन कार्यालय, काठमाडौंबाट मिति २०६८।१०।८ मा संयुक्त आवास निर्माणको स्वीकृति प्रदान भएको र काठमाडौं महानगरपालिकाबाट मिति २०६९।५।१२ मा नक्सा पारितसमेत भई संयुक्त आवासको भवन निर्माण कार्य प्रारम्भ भएको देखियो । यसरी कानूनबमोजिम अधिकारप्राप्त निकायबाट स्वीकृत मापदण्ड र पारित नक्साबमोजिम भवन निर्माण हुँदा कुनै कसैलाई असर पर्ने भएमा संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४ को दफा ३२ बमोजिम पुनरावेदन अदालतमा पुनरावेदन लाग्नसक्ने कानूनी व्यवस्था रहेको अवस्थामा प्रस्तुत रिट परेको देखिएकोले कानूनबमोजिम भए गरेको कामबाट निवेदकहरूलाई अपूरणीय क्षति हुने अथवा सुविधा सन्तुलनका दृष्टिबाट मर्का पर्नसक्ने अवस्था नहुँदा मागबमोजिम अन्तरिम आदेश जारी गर्न नमिल्ने ।

**मा.न्या.श्री सुशीला कार्कीको रायः**

यसमा निवेदकहरूको आवासीय क्षेत्रमा प्रत्यर्थीले भवन निर्माण गर्नु अगाडि नक्सा स्वीकृति गर्दा स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा उल्लिखित आवश्यक कानूनी प्रक्रिया पूरा नगरी निवेदकहरूलाई जानकारी नै नदिई प्राकृतिक न्यायको सिद्धान्तविपरीत नक्सा पास भएको देखियो । साथै पुनरावेदन अदालत, पाटनमा निषेधाज्ञा मुद्दा चल्दाचल्दैको अवस्थामा निवेदकहरूको सुविधा सन्तुलनको विपरीत संयुक्त आवास भवन निर्माण गर्न शुरू गर्दा नक्सा मौकामा नै पाससम्म नगरी स्थानीय क्षेत्र र सो स्थानमा बसोबास गर्ने निवेदकहरू

माथि पर्ने वातावरणीय प्रभावका अतिरिक्त तिनमा पर्ने भौतिक क्षतिका सन्दर्भमासमेत विचार नगरिएको र उक्त भवन निर्माणको शुरूवातमा नै खिचिएका मिसिल संलग्न निवेदकद्वारा पेश भएका फोटोहरूबाट संयुक्त आवासको भवन वरपरका घरहरू भत्किरहेको देखिएको हुँदा हाल संयुक्त आवास भवनको निर्माण कार्य नगर्नू, नगराउनू भनी निवेदकको मागअनुसार विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी गरिदिएको छ । सहयोगी माननीय न्यायाधीश श्री रामकुमारप्रसाद शाहको रायसँग सहमत हुन नसकेकोले सर्वोच्च अदालत, नियमावली, २०४९ को नियम, ३(१)(क) बमोजिम प्रस्तुत निवेदन पूर्ण इजलासमक्ष पेश गर्नू । इति संवत् २०७० साल बैशाख ३१ गते रोज ३ शुभम् ।

- यसै लगाउको ०६९-FN-०२८२, (२०६९-CI-००१३), निषेधाज्ञा परमादेश, *राजबहादुर सिँह वि. काठमाडौं महानगरपालिका कार्यालय, बागदरवारसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

## रीत/बेरीत आदेश

१

**मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६९-AP-०२८७, दरपीठ आदेश बदर, *कौशिल्यादेवी देव वि. पुनरावेदन अदालत, राजविराजसमेत*

सप्तरी जिल्ला अदालतको मिति २०६५।१०।२६ र पुनरावेदन अदालत, राजविराजको मिति २०६६।१२।१९ को फैसलाबमोजिम वादी कौशल्यादेवी देवले प्रतिवादीबाट भरिपाउने ठहरेको लेनदेनको बिगो भरिभराउ गरिपाऊँ भनी द.स.को ४२ नं. अनुसार सप्तरी जिल्ला अदालतमा दरखास्त दिई तारिखमा रहेकोमा वादी बारेसले सप्तरी जिल्ला अदालतको मिति २०६८।२।९ गतेको तारिख गुजारेको र थाम्ने थमाउने म्याद समाप्त भएको भनी सप्तरी जिल्ला अदालतका तहसीलदारबाट मिति २०६९।२।३१ गते निवेदन तामेलीमा राख्ने आदेश पर्चा गरेको र सो आदेशलाई पुनरावेदन अदालत, राजबिराजबाट सदर भएको देखिन्छ ।

दण्ड सजायको ४८ नं. मा फैसलाबमोजिम गराई माग्नेले अवस्थाअनुसार अदालती बन्दोबस्तको ५९, ६२, १७५ नम्बरबमोजिम सकार गर्न थमाउन पाउँछन् । सोबमोजिम थमाउने वा सकार गर्ने म्याद नाघेपछि पनि सो म्याद नाघेको मितिले छ महिनाभित्र रीतपूर्वकको दरखास्त दिई कारवाही चलाई माग्न आएमा कानूनबमोजिमको दस्तूर र त्यसको सयकडा दश जरीवाना गरी असूल गरी कारवाही गर्नुपर्छ । सो म्यादभित्र पनि दरखास्त दिन नआएमा त्यस्तो व्यक्तिको शुरू दरखास्त तामेलीमा राखिनेछ भन्ने उल्लेख छ ।

यस अदालतका रजिष्ट्रारबाट निवेदकको कानूनी तथा संवैधानिक अधिकारमा आघात नपुगेको भनी रिट निवेदन दर्ता नगरी दरपीठ गरिएको देखिँदा सो विषय इजलासबाट नै हेरिने विषय भएको र यदि निवेदकको संवैधानिक तथा कानूनी हकमा आघात नपुगेको भए इजलासबाट सुनुवाइको क्रममा उपयुक्त आदेश हुनसक्ने नै हुँदा उल्लिखित दण्ड सजायको ४८ नं. समेतका आधारहरूबाट रजिष्ट्रारको दरपीठ आदेश बेरीतको देखिँदा बदर गरिदिएको छ । रिट निवेदन दर्ता गरी नियामानुसार पेश गर्नू ।
इति संवत् २०७० साल जेठ ७ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-RE-०२३५, अवैधरूपमा बाघको ओखटोपहार ओसारपसार, *शेरबहादुर तामाङसमेत वि. नेपाल सरकार*

पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६९।७।१९ गतेको फैसलामा प्रतिवादीलाई ७० दिने पुनरावेदनको म्याद दिनु भनी उल्लेख भएको देखिन्छ । तर सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूचीमा नपर्ने प्रस्तुत मुद्दामा यस अदालतबाट प्रतिपादित नजीर (*नेकाप* २०६० अङ्क ११, १२ नि.नं. ७३०३ पृ. ९८१) को आधारबाट म्याद नघाई दर्ता गर्न ल्याएको पुनरावेदन पत्र दर्ता गर्न नमिल्ने भनी मिति २०६९।१२।८ मा गरेको दरपीठ आदेश मिलेकै देखिँदा परिवर्तन गर्नु नपर्ने ।
इति संवत् २०७० साल जेठ ८ गते रोज ४ शुभम् ।